## राष्ट्रिय स्वतन्त्र पार्टी

# राजनीतिक प्रतिवेदन

**केन्द्रीय समितिको विस्तारित बैठक**

(कातिक २१-२२, चितवन)

डी.पी. अर्याल
(कार्यवाहक सभापति)

# राष्ट्रिय स्वतन्त्र पार्टी
## केन्द्रीय समितिको विस्तारित बैठक

(कात्तिक २१-२२, चितवन)

# राजनीतिक प्रतिवेदन

राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरु । सल्लाहकार परिषद, विभिन्न आयोग र विभाग तथा प्रदेश, जिल्ला, निर्वाचन क्षेत्र, पालिका र प्रवासबाट प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण आमन्त्रित मित्रहरु ।

रास्वपाको 'निलो क्रान्ति'को उद्घोषलाई देश/विदेशमा फैलाउन सुरुवातदेखि नै अग्रणी भूमिका खेलिरहनु भएका यहाँहरु सबैलाई चितवनमा भइरहेको केन्द्रीय समितिको यस विस्तारित बैठकमा अन्तर हृदयदेखि हार्दिक स्वागतसहित अभिवादन गर्दछु, जय घण्टी । र, यो पार्टीको स्थापना, विस्तार र सुदृढीकरणमा यहाँहरुले भुईंतहमा गर्नुभएको योगदानप्रति उच्च प्रशंसा गर्दछु ।

पछिल्लो जेन-जीसहित नेपालको राजनीतिक-सामाजिक परिवर्तनलाई यहाँसम्म ल्याउन भएका क्रान्ति, संघर्ष, विद्रोह र आन्दोलनका क्रममा प्राणआहुती दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, विभिन्न कालखण्डमा भएका राजनीतिक-सामाजिक संघर्ष र आन्दोलनका सबै नेतृत्वकर्ता एवं अगुवाप्रति विशेष सम्मानसहित गहिरो स्मरण गर्दछु ।

नेपाली राजनीतिलाई फरक दृष्टि, संस्कार र शैलीबाट अगाडि बढाउनु पर्ने दृढ मान्यता र अठोटका साथ राष्ट्रिय स्वतन्त्र पार्टीको बीजारोपण गर्नुहुने सभापति रवि लामिछानेज्यू परिस्थितिजन्य कारणले अहिले हामीबीच उपस्थिति हुनुहुन्न । न्यायिक लडाइँ अविलम्ब पुरा भएर पार्टीको नेतृत्वमा पूर्ववत् फर्किने परिस्थिति बनोस् भन्ने कामनाका साथ उहाँप्रति विशेष सम्मान व्यक्त गर्दछु ।

**प्रतिनिधि मित्रहरु,**

राष्ट्रिय स्वतन्त्र पार्टीको चालीस महिने यात्राको समीक्षासहित राजनीतिक/सांगठनिक कार्यदिशालाई थप दिशानिर्देश गर्न र २०८२ फागुन २१ गतेका लागि घोषणा गरिएको प्रतिनिधिसभा सदस्य चुनावको परिणाम पार्टीको पक्षमा ल्याउन गर्नुपर्ने कामबारे छलफल गर्न हामी यो विस्तारित बैठकमा भेला भएका छौं । कुनै अमूक व्यक्तिलाई देखाएर पन्छिने, महत्वपूर्ण जिम्मेवारीमा रहेर पनि गुनासो मात्रै गरिरहने र चालीस महिनामै योगदानको हिसाब-किताब खोज्ने हुर्कदो प्रवृत्ति चिर्दै पार्टीलाई जनस्तरमा थप विस्तार र सुदृढ बनाउन यो बैठकले केन्द्रीय समितिलाई सुझाव दिनुपर्ने भएकाले बिना आग्रह-पूर्वाग्रह दूरगामी महत्व राख्ने वैचारिक, राजनीतिक र सांगठनिक विषयमा वस्तुनिष्ठ, यथार्थपरक र प्रवृत्ति केन्द्रित खुला छलफलका लागि विशेष आह्वान गर्दछु । र, छलफलको क्रममा चार मुख्य विषयमा ध्यान केन्द्रित गर्नुहुन मेरो आग्रह छ ।

- **पहिलो -** हामीले गम्भीर रुपमा संगठनात्मक समीक्षा गरेर पुनर्संरचना र सुदृढीकरणको योजना बनाउनु पर्नेछ । जति नै उत्साहित भएर लाग्दा पनि पार्टीलाई सबै पालिका र वडासम्म पुर्‍याउन नसकिएको सच्चाई बोध गरेर 'ग्रासरुट'सम्म पुग्ने र पुगिसकेको ठाउँमा सुदृढ र गतिशील बनाउने रणनीति तय गर्नुपर्ने छ ।
- **दोस्रो -** पार्टी संगठन विस्तार र बलियो नभई संसदीय मोर्चा (चुनाव) मा सफल भइन्न । जनपक्षीय एजेण्डा कार्यान्वयन गर्न शासन-सत्तामा पार्टीको निर्णायक उपस्थिति हुनैपर्छ । त्यसका लागि चुनावी परिणाम अनिवार्य सर्त हो । यो बैठकले चुनावी नीति, योजना र कार्यक्रम पनि बनाउनु पर्नेछ ।
- **तेस्रो -** पार्टीका आन्तरिक नीतिहरू, राष्ट्रिय मुद्दाहरूमा लिनुपर्ने दृष्टिकोण र राख्नुपर्ने धारणा एवं आगामी दिनमा लिने प्रमुख कार्यदिशाबारे विस्तृत र गहन छलफल गर्नुपर्ने छ । पार्टीको वैचारिक स्पष्टता र भविष्यको मार्गचित्र प्रष्ट पार्न यस्तै फोरमहरु नै सहायक हुन्छन् ।
- **चौथो -** दलीय व्यवस्थामा विशेष परिस्थितिका कारण गैर-दलीय सरकार बनेको छ । निर्वाचन गराउने मुल दायित्व बोकेको सरकारलाई चुनावी वातावरण निर्माणमा निरन्तर सचेत र खबरदारी गर्नुपर्ने छ । संविधानलाई ट्र्याकमा ल्याउन निर्वाचन अनिवार्य छ । लोकतान्त्रिक प्रतिस्पर्धामा विश्वास राख्ने राजनीतिक दललाई पनि चुनावप्रति प्रतिबद्ध हुन प्रोत्साहित गर्नुपर्ने छ ।

यो राजनीतिक प्रतिवेदन, राष्ट्रिय परिस्थिति र घटनाक्रम, पार्टीको विधान, २०७९ को संघीय निर्वाचनको वाचापत्र, २०८० मंसिरमा जलेश्वर बैठकले गरेको नीति-विचार प्रस्तावना व्याख्या, २०८१ असोजको राष्ट्रिय भेलाबाट पारित सभापतिज्यूको प्रतिवेदन, पार्टी जीवनको उतार-चढाव र पार्टी पंक्तिको विश्वास र सक्रियातालगायतका आधार टेकेर बनाइएको छ ।

**प्रतिनिधि मित्रहरु,**

२०७९ असार ७ गते पार्टी स्थापनाको घोषणा गर्दा धेरैले 'अराजनीतिक लहड' भनेका थिए। तर, २०७९ मंसिरको आमनिर्वाचनमा आइपुग्दा रास्वपा मुलुककै चौथो शक्ति बन्यो। हाम्रो संसदीय उपस्थिति, प्रभाव र परिणाम राजनीतिक अभ्यासको फरक पृष्ठभूमिमा स्थापित 'निलो क्रान्ति' थियो । केही हदसम्म पुराना राजनीतिक दलहरुप्रतिको वितृष्णा र धेरै हदसम्म नयाँ दलप्रतिको आकर्षणका कारण 'व्यवस्था होइन अवस्था परिवर्तन'को नारा एवं सुशासनको पक्ष र भ्रष्टाचारविरुद्धको हाम्रो एजेण्डालाई मतदाताले अनुमोदन गरेका थिए ।

मूलधारको राजनीतिमा हाम्रो उपस्थिति हुँदैनथ्यो त, राजनीतिमा युवा पुस्ताको आकर्षण र सहभागिता, संसदीय गतिविधिमा सार्थक हस्तक्षेप, राजनीतिजन्य विकृति-विसंगतिको उजागर, भ्रष्टाचारविरुद्ध र सुशासनको पक्षमा खबरदारी तथा शासकीय सुधारका एजेण्डामा यो तहको बहस संभवै थिएन । लोकप्रियताका लागि होइन, राजनीतिको दिशा र दशा बदल्न हामीले जुन-जुन एजेण्डा/मुद्दाको पैरवी गरेका थियौं, आज तिनै राष्ट्रिय राजनीतिका मुख्य एजेण्डा बनेका छन् । स्थिर शासनका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी, सुधारिएको निर्वाचन प्रणाली, प्रदेश तहको पुनर्संरचना, भ्रष्टाचार विरुद्ध निर्मम कारवाही, आज सबैको साझा एजेण्डा बनेका छन् । यसले हाम्रो स्थापना, उपस्थिति र हस्तक्षेपलाई पुष्टि गरेको छ। अब हाम्रो अर्जुनदृष्टि आफ्ना एजेण्डा/मुद्दामा अधिकतम् सहमतिको राजनीतिक वातावरण निर्माण गर्ने, जनस्तरलाई तिनको आवश्यकता र औचित्य प्रस्ट्याउने र मतादेशको बलमा आफ्ना एजेण्डा/मुद्दा कार्यान्वयन गर्ने स्थान अर्थात् शासन-सत्तामा पुग्न केन्द्रित हुनुपर्छ ।

छोटो समयमै नजरअन्दाज गर्नै नसकिने उपस्थिति र शासन-सत्ता सिर्जित विकृति-विसंगतिमा खरो भण्डाफोरकै कारण रास्वपालाई चौतर्फी घेराबन्दी गर्ने प्रयास भयो, अझै जारी छ । सभापति रवि लामिछानेविरुद्ध झुटा मुद्दा लगाइनु, लान्छना र अफवाहमार्फत शीर्ष नेताहरुको बदनाम गरिनु, राजनीतिक र व्यक्तिगत प्रतिशोधका आधारमा पार्टी सदस्यहरुमाथि प्रहार एवं सामाजिक सञ्जाल लक्षित कुप्रचार आदि कारणले तपाईंहरुलाई लाग्ला, हामी कमजोर भएका छौं। तर, तथ्यले भन्छ- हामी कमजोर होइन बलियो भइरहेका छौं, फैलँदै छौं ।

स्थापनाको चालीस महिनामा वडास्तरदेखि संसदसम्म उपस्थित जनाउने संभवत् नेपाली इतिहासको पहिलो दल हौं, हामी । र, यो उपस्थिति नै छोटो समयमा हामीले आर्जन गरेको शक्ति हो । रास्वपा परिवारमा अहिले तीन लाख सदस्य छौं । ६२ सदस्यीय केन्द्रीय समिति, एउटा सल्लाहकार परिषद, २ वटा आयोग र ३८ वटा विभाग छन् । सातवटा प्रदेश समिति र प्रत्येक प्रदेशमा विभागहरु क्रियाशिल छन् । ७४ जिल्ला, ५५०

पालिका र ४ हजार वडास्तरीय समिति छन् । २५ सय वडा र ५० वटा पालिकामा अधिवेशनबाटै नेतृत्व छानिसकेका छौं । पैंतीस देशमा रास्वपाको सञ्जाल विस्तार भइसकेको छ । नेपालीको संख्या धेरै रहेका कतिपय देशका मुख्य सहरमा समेत हाम्रा समिति क्रियाशिल छन् ।

वैचारिक, सांगठनिक र संसदीय उपस्थिति मात्र होइन जनस्तरको सद्भाव, आकर्षण र सहभागिता बढ्दै गए पनि केही राजनीतिक दललाई हाम्रो उपस्थिति स्वीकार्न कठिन भएको यथार्थ तिनका राजनीतिक प्रतिवेदन हेर्दा थाहा हुन्छ । देशको चौथो राजनीतिक दलको अस्तित्व स्वीकार गर्न नसक्ने प्रवृत्ति राजनीतिक चरित्र होइन । त्यो हामीप्रतिको इर्ष्या र त्रासको परिणाम हो ।

हाम्रो सांगठनिक फैलावटको रफ्तार, संस्थागत सामर्थ्य, प्रवृत्तिगत समस्या र समाधानका उपाय केन्द्रित 'सांगठनिक प्रतिवेदन' महामन्त्री कविन्द्र बुर्लाकोटीले छुट्टै प्रस्तुत गर्नुहुनेछ । त्यसैले यो प्रतिवेदनमा मैले सांगठनिक सन्दर्भको खासै चर्चा गरेको छैन ।

**प्रतिनिधि मित्रहरु,**

अब म पछिल्ला राजनीतिक घटनाक्रम र तिप्रति हाम्रो धारणा र निष्कर्षमा केन्द्रित हुन्छु ।

**(१) राजनीतिक परिस्थिति र हाम्रो धारणा**

**(क) जेन-जी आन्दोलनः पुराना दलको शासकीय अनैतिकता र अक्षमताको परिणाम**

भदौ २३ गतेको जेन-जी आन्दोलन र २४ गतेको विध्वंशात्मक घटनापछि राष्ट्रिय राजनीति फरक मोडमा आएको छ । तर, यो मोड अप्रत्याशित र आश्चर्यजनक दुबै होइन । किनकि, ढिलो-चाँडो यस्तो हुन सक्छ भन्ने आशंका थियो । हामीले पनि निरन्तर सचेत गराउँदै आएका थियौं- संसदीय अंकगणितको बलमा शासकीय अहंकार, दम्भ र अकर्मण्यता बढ्दै गयो भने नागरिकमा चुलिँदै गएको आक्रोश विस्फोट हुनेछ । सभापति रवि लामिछाने ज्यूले कांग्रेस-एमालेको सहकार्यमा सरकार बन्ने लगत्तै त्यसलाई 'अन्तिम भोज'को संज्ञा दिँदै यस्तो समीकरण पनि असफल हुँदाको नतिजा कल्पना गर्नुभएको छ? भनेर प्रश्न गर्नुभएको थियो । सभापति रवि लामिछानेज्यूले भैरहवा कारागारबाट जारी गरेको अपीलमा 'तस्करले दिएका तिम्रा हातका घडी खोस्छन्' भन्नुभएको थियो । नभन्दै त्यो दिन आयो पनि । अब त्यही हातमा हात्कडी पनि लाग्छन् ।

लोकतान्त्रिक र संसदीय मूल्य-मान्यता विपरीत संसदका तीन ठूला दलले सत्तालाई 'म्युजिकल चेयर' बनाएर लोकतन्त्रको आवरणमा 'दलतन्त्र'

लादेपछि यस्ता दुर्घटना अवश्यम्भावी थियो । र, भयो पनि । अझ, दुई ठूला दल कांग्रेस र एमाले मिलेर बनेको सरकारले नागरिकका जायज आवाजसमेत नसुनी तिनको स्वतन्त्रता खुम्च्याएर लोकतन्त्रको आवरणमा दोहन, दलीयकरण र निरंकुशता लाद्ने जुन प्रपञ्च गर्‍यो, त्यहीबाट बढेको आक्रोश जेन-जीको नाममा बिस्फोट भएको हो । जुन सुकै शक्ति वा समूहले गैरदलीय ब्यानरमा आन्दोलनको आह्वान र अगुवाई गरेको भए पनि त्यसमा आमनागरिकको असन्तोष प्रस्फुट हुने परिस्थिति बनिसकेको थियो ।

यो परिस्थिति आउनुका कारणबारे संक्षेपमा चर्चा गरौं ।

- **पहिलो** - २०६२/०६३ को राजनीतिक परिवर्तनले गणतन्त्र स्थापित गरेपछि कांग्रेस, एमाले र माओवादी केन्द्रले पटक-पटक सरकारको नेतृत्व गरे । तर, उनीहरूबीचको कटुतापूर्ण प्रतिस्पर्धा, अस्वाभाविक मिलन, अविश्वासको राजनीति र सत्ता स्वार्थका कारण सरकारहरू स्थिर हुन सकेनन् । बारम्बार सरकार परिवर्तन हुँदा नीतिगत स्थिरता भएन र विकास निर्माणमा बाधा पुग्यो । जनताको अपेक्षा अधुरै रहे । सत्ताको कुरा भए । सरकारको कुरा गरिए । तर, जनताको कुरै भएन ।
- **दोस्रो** - पुराना दलहरुले सरकारको नेतृत्व गर्दाका ठूला-ठूला भ्रष्टाचार काण्ड बाहिर आए । तर, प्रभावकारी छानबिन भएन । संलग्नलाई कारबाही नहुनु वा राजनीतिक प्रभावमा परेर उन्मुक्ति पाउनुले दण्डहीनतालाई प्रश्रय दियो । जनता चरम भ्रष्टाचारका श्रृंखला र तिनमा राजनीतिक संरक्षणका कारण आजित भइसकेका थिए ।
- **तेस्रो** - पुराना दलहरूको नेतृत्वमा रहेका सरकारले सुशासन कायम र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकेनन् । राज्यका सबै संरचना र निकायमा ढिलासुस्ती, अनियमितता र बिचौलियाको बिगबिगी कायम रह्यो । आधारभूत सेवा-सुविधा प्राप्त गर्न पनि राजनीतिक भनसुन गर्नुपर्ने वा घुस नै खुवाउनु पर्ने परिस्थितिले जनतालाई आक्रोशित बनाउँदै ल्याएको थियो ।
- **चौथो** - पुराना दलहरुले परम्परागत राजनीतिक शैलीलाई नै निरन्तरता दिए । जहाँ गुटबन्दी, नातावाद, कृपावाद हावी थियो । नयाँ विचार र नयाँ पुस्ताका लागि ति पार्टीभित्र खासै स्थान बन्न सकेन । जनताले पुरानै अनुहार, पुरानै भाषण र पुरानै शैलीको राजनीतिबाट देशले गति लिन नसक्ने महसुस गरे । उनीहरूले आफूलाई समेट्ने र आफ्ना सरोकारलाई सम्बोधन गर्ने कुनै ठाउँ ति दलहरूमा पाएनन् । र, नयाँ वैकल्पिक शक्तिको खोजीमा लागे ।

- **पाँचौं** – दशकौंको शासनकालमा पनि पुराना दल नेतृत्वको सरकारले देशभित्र पर्याप्त रोजगारीका अवसर सिर्जना गर्न सकेनन् । परिणामतः अध्ययन सकेका लाखौं युवा कामको खोजीमा विदेशिन बाध्य भए । युवा पुस्ताले आफ्ना अग्रज र समकालीनले पढाइ सकेर पनि देशमा भविष्य नदेखेर विदेशिएको देखे । शासकहरूले आफ्नो भविष्य बर्बाद पारे भन्ने तीव्र असन्तुष्टिले उनीहरू परिवर्तनको हिस्सा मात्र होइन निर्णायक शक्ति नै बन्न अगाडि सर्दा जेन-जी आन्दोलन भयो ।

समग्रमा, अन्य विभिन्न उत्तोलकजन्य सहायक सन्दर्भ होलान् । तर, जेन-जी आन्दोलनको मुख्य कारक पुराना दलका हर्कत र जनविरोधी गतिविधि हुन् र आधार चाहिं तिनैमार्फत सिर्जित दलीय सिण्डिकेट, राज्य दोहन र भ्रष्टाचार/कुशासन नै हो । त्यत्रो अकल्पनीय घटनापछि पनि तत्कालीन सरकार नेतृत्व दलले सत्य स्वीकार्नुको सट्टा आन्दोलनको भावना र म्यान्डेट बाहिर गएर गतिविधि गरिरहेको छ । केही सहायक कारण/घटनालाई समातेर वा अतिरञ्जित गरेर केही दल/नेता आन्दोलनको खास कारण र सत्यको विषयान्तर गर्न उद्दत छन् । यो प्रवृत्तिको निरन्तरता आगामी दिनका लागि घातक हुन सक्छ ।

## (ख) सरकारको तत्कालीन कार्यभारः हत्या/विध्वंशको छानबिन र दोषीलाई कारबाही

उद्घोष र सुरुवात जेन-जीबाट भए पनि आन्दोलनमा अन्य पुस्ताको पनि सहभागिता थियो । नैतिक समर्थन त रास्वपासहितका राजनीतिक दल, नागरिक अगुवा, अभियन्ता, पेशाकर्मीहरूको पनि थियो । पछिल्ला वर्षहरूमा तीन दलीय सिन्डिकेटको आलोपालो स्वेच्छाचारी शासनका कारण बढेका विकृति-विसंगतिले वाक्क-दिक्क भएका नागरिकको स्वस्फूर्त सहभागिताले आन्दोलन सफल भएको हो । अर्थात्, जेन-जी पुस्ताको अग्रसरतामा अन्य पुस्ताले पनि हातेमालो गर्दा नतिजा आएको हो ।

आन्दोलन हिंसात्मक बनेपछि जेन-जीले भदौ २३ गते दिउँसै प्रदर्शन अन्त्यको घोषणा गरिसकेका थिए । तर, सरकारको चरम दमन र विद्यालय पोशाकमा आएका विद्यार्थीलगायतको हत्यापछि जनस्तरबाटै प्रतिवाद हुँदा आन्दोलन निर्णायक र सफल भएको हो । तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई राजीनामा दिन बाध्य पारेको पनि २४ गतेको घटनाले नै हो । स्कूले विद्यार्थीले ज्यान गुमाउनु परेको दुःखमा होइन, आफ्नै सुरक्षाको चिन्तामा ओलीले प्रधानमन्त्रीबाट राजीनामा दिनुभएको थियो । भदौ २४ को विध्वंशमा त राजनीतिक कार्यकर्ताकै सक्रियता रहेको तथ्य फोटो र भिडियोबाट खुलिसकेको

छ। सार्वजनिक भएका केही तथ्यले भदौ २४ को घटना योजनाबद्ध हो कि भन्ने आशंकालाई पनि बढाएको छ। दुवै दिनका घटनाको निष्पक्ष र जनविश्वासयोग्य छानबिन आवश्यक छ । हामी अत्यन्तै प्रष्ट रुपमा भन्छौं - २३ गते राज्य शक्तिको दुरुपयोगमा जनहत्या भएकै कारण २४ गतेका घटना भएका हुन्। तर, दुवै दिनका घटनाको निष्पक्ष छानबिन गरी अपराध र संलग्नताको आधारमा दोषीलाई कारबाही गर्नुपर्छ। चाहिं २३ गते नरसंहार गर्नेबाट हुनुपर्छ।

- दोषीहरूलाई कारबाही नगरी न्याय स्थापित हुन सक्दैन । दण्डहीनताले भविष्यमा पनि यस्ता घटना दोहोरिने सम्भावना बढाउँछ । त्यसैले दोषीलाई कारबाही गरेर मात्र पीडितले न्याय पाउँछन् र कानूनी राज्यको प्रत्याभूति हुन्छ ।
- निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्दा मात्र राज्य आफ्ना नागरिकप्रति जवाफदेही छ र आफ्नो शक्तिलाई गैर-जिम्मेवारपूर्ण तरिकाले प्रयोग गर्दैन भन्ने सन्देश जान्छ। जसले राज्यप्रतिको जनविश्वास पुन: स्थापित गर्न मद्दत गर्छ ।
- छानबिनबाट मात्रै भविष्यमा राज्यले बल प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी, भीड नियन्त्रणका उचित उपाय र शान्तिपूर्ण प्रदर्शनलाई सम्मान गर्ने तरिकाबारे नयाँ नीति र कार्यविधि बनाउन सकिन्छ ।

पुस्ताको हिसाबले मात्र होइन मुद्दाको हिसाबले पनि हामी र जेन-जीसँगै छौं । सुशासनको पक्ष, भ्रस्टाचारको अन्त्य मात्र होइन राजनीतिमा युवा पुस्ताको सार्थक हस्तक्षेप हाम्रा समान मुद्दा हुन् । हाम्रो विधान र अभ्यास दुवै जेन-जी मैत्री रहेको पुष्टि पार्टी र संसदमा युवाको उपस्थितिले गरिसकेको छ ।

हामी २०८४ मा मतबाटै यिनीहरूलाई तह लगाउने योजनामा थियौं। त्यसलाई हामीले 'निलो क्रान्ति' भन्दै आएका पनि थियौं । तर, जेन-जीले २०८४ सम्म कुरेनन्, 'रातो क्रान्ति' गरे । मुद्दा, माग र उपलब्धीमा जेन-जी र हामीमा १९/२० को फरक थिएन, छैन । मात्रै 'क्रान्तिको बाटो' फरक भएको हो ।

**प्रतिनिधि मित्रहरु,**

आह्वान र अगुवाइ जेन-जीको भए पनि सबै पुस्ता साझा एजेण्डामा एकाकार हुँदा आन्दोलनले एक तहको सफलता पायो । तर, आन्दोलनको म्यान्डेट र भावनालाई संस्थागत गर्न भने बाँकी नै छ । त्यसको पहिलो र अनिवार्य प्रक्रिया हो- निर्वाचन । निर्वाचनमा परिवर्तनकारी शक्तिहरु (नयाँ दल, शक्ति र जेन-जीका समूह) एकीकृत हुन सकेनन् भने पुराना शक्तिले टाउको उठाउने संभावनासँगै प्रतिक्रान्तिको खतरा बढ्छ । अर्कोतर्फ, आन्दोलनको श्रेयका कारण भन्दै एउटा खास पुस्ता विशेषको मात्रै आवाज र

मुद्दाले प्रश्रय पाउने परिस्थितिप्रति पनि बेलैमा सचेत हुनुपर्छ ।

(ग) **अन्तरिम सरकार संवैधानिक/राजनीतिक बाध्यता: निर्वाचन नै निकास**

हामीले अंगिकार गरेको व्यवस्था र संविधानअनुसार जनअभिमत प्राप्त राजनीतिक दलहरु नै शासन-सत्ताका सञ्चालक हुन् । तर, जेन-जी आन्दोलनको बलमा अनिर्वाचित दलविहीन अन्तरिम सरकार बनेको छ । पुराना दलको शासकीय अकर्मण्यताका कारण सिर्जित आन्दोलनको सफलतापछि उनीहरुकै वर्चश्व रहेको संसदबाट नयाँ सरकार बन्ने कल्पना गर्नु नै नाजायज थियो । केही दलले त्यो प्रस्ताव नगरेका पनि होइनन् । संविधान विपरीत सरकार गठनमा प्रयोग नै नहुने धारा ६१ टेकेर राष्ट्रपतिले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन गर्नुभएको छ । संवैधानिक प्रवन्ध बाहिरबाट न्यूनतम स्वीकार्यतासहित ६ महिनाभित्र प्रतिनिधिसभाको चुनाव गराउने सीमित कार्यादेश दिएर बनाइएको सरकार परिस्थितिको बाध्यात्मक उपज तर आन्दोलनको म्यान्डेट हो ।

घोषित मितिमा अन्तरिम सरकारले गर्ने निर्वाचन नै 'डिरेल' भएको संविधानलाई लिकमा ल्याउने वैध, सरल र सहज बाटो हो । अनेकौं जायज/नाजायज आशंका र दबाबबीच आन्दोलनको शक्तिले लोकतान्त्रिक व्यवस्था र संविधानलाई भने निरन्तरता दिएको छ । निर्वाचित सरकारले राजीनामा दिएसँगै तत्कालका लागि भूमिका किनाराकृत भए पनि चुनावमार्फत दलहरुलाई शासन-सत्तामा फर्किने अवसर भने कायमै छ ।

आन्दोलनको म्यान्डेटअनुसार सत्ताच्यूत भएकासहित संसदमा प्रतिनिधित्व गर्ने दलहरुलाई विश्वासमा लिएर र बाध्य पारेर शासकीय स्वरुप र निर्वाचन प्रणाली सुधारका लागि तत्काल संविधान संशोधन गर्ने संभावनालाई आन्दोलनकारी र उसकै विश्वासमा बन्दै गरेको प्रधानमन्त्रीले समेत मुख्य अडान नबनाउँदा फागुन २१ मा संसदीय चुनावकै अर्को संस्करणले आन्दोलनको म्यान्डेट र नागरिकको शासकीय परिवर्तनको चाहनालाई सम्बोधन नगर्ने चाहिं निश्चित छ ।

**प्रतिनिधि मित्रहरु,**

प्रधानमन्त्रीमा सुशीला कार्कीको नियुक्ति र प्रतिनिधिसभा विघटनविरुद्ध परेका रिटमा सर्वोच्च अदालतले न्यायिक निरूपण गर्ला नै । तर, कथम् संसद पुनर्स्थापना भयो भने फेरि पुगिने त्यहाँ नै हो, जुन संसदले सरकार त देला । तर, जेन-जी आन्दोलनको म्यान्डेट र जनभावनाअनुसार निकास दिन सक्दैन । यो तथ्यलाई संसद पुनर्स्थापनाको पक्षमा

रहेका दलहरुले गम्भीर रुपमा मनन गर्नैपर्छ । सरकारले क्षणिक आग्रह-पूर्वाग्रह र दलहरुले पनि तत्कालीन स्वार्थभन्दा माथि उठेर देशलाई पुनः लोकतान्त्रिक बाटोमा फर्काउन फागुन २१ को निर्वाचनमा सम्पूर्ण शक्ति र अर्जुनदृष्टि लगाउनुपर्छ ।

- निर्वाचन एक लोकतान्त्रिक प्रक्रिया हो, जहाँ सबै दलहरूले समान अवसर र निष्पक्ष प्रतिस्पर्धाको अपेक्षा राख्छन् । यदि सरकारले दलहरूलाई विश्वासमा लिएन वा कुनै दलप्रति पूर्वाग्रह राखेको शंका उत्पन्न भयो भने निर्वाचनको निष्पक्षतामाथि प्रश्न उठ्छ । दलहरूको विश्वास प्राप्त गरेर मात्र निर्वाचन आयोगको भूमिका, सुरक्षा व्यवस्था, आचार-संहिताको पालनालगायतका विषयमा सहमति जुटाउन सकिन्छ । यसले गर्दा निर्वाचनको परिणामलाई सबै दलहरूले स्वीकार गर्छन् र यसको वैधानिकता स्थापित हुन्छ ।

- दलहरू निर्वाचन प्रक्रियाका मुख्य सरोकारवाला हुन् । उनीहरूको सक्रिय सहभागिता बिना निर्वाचन सफल हुन सक्दैन । सरकारले दलहरूलाई विश्वासमा लिएर निर्वाचन तालिका, सुरक्षा प्रबन्ध, मतदाता शिक्षा, बजेट व्यवस्थापन लगायतका बिषयमा परामर्श गर्दा उनीहरू प्रक्रियामा अपनत्व महसुस गर्छन । यसले गर्दा दलहरूले आफ्ना कार्यकर्ता र समर्थकलाई निर्वाचनमा सक्रिय रूपमा सहभागी गराउन उत्प्रेरित गर्छन, जसले मतदाता सहभागिता बढाउनुका साथै निर्वाचन प्रक्रियालाई सहज बनाउँछ ।

- निर्वाचन प्रक्रिया लोकतान्त्रिक प्रणालीको महत्वपूर्ण पाटो हो । यदि निर्वाचन प्रक्रियामै दलहरूबीच अविश्वास र द्वन्द्व उत्पन्न भयो भने त्यसले निर्वाचनपछिको राजनीतिक स्थिरतामा समेत असर पार्छ । सरकारले दलहरूलाई विश्वासमा लिएर निर्वाचनसम्बन्धी महत्वपूर्ण निर्णयहरूमा सहमति जुटाउँदा भविष्यमा राजनीतिक सहकार्य र समझदारीको आधार तयार हुन्छ । यसले निर्वाचन लक्षित हिंसा, बहिष्कार वा अन्य अवरोधका सम्भावनालाई कम गरी शान्तिपूर्ण र स्थिर राजनीतिक वातावरण निर्माणमा योगदान पुर्‍याउँछ ।

निर्वाचन नै मुख्य कार्यभार रहेको सरकारले दलहरुलाई विश्वासमा लिएर चुनावी वातावरण बनाउने प्रयास त थालेको छ । तर, केही नेता विशेषसँग प्रधानमन्त्री स्वयमको संवाद अनिच्छाले ति दल र सरकारबीचको दूरी बढाउने हो कि भन्ने स्वभाविक चिन्ता पनि छ । सरकार सबै दल, नेता र जनताको अभिभावक भएकाले उसमा कसैप्रति पनि आग्रह-पूर्वाग्रह पटक्कै हुनुहुन्न ।

प्रहरीको खस्किएको मनोबल, आन्दोलनका क्रममा लुटिएका हतियार, अझै कारागार नफर्किएका कैदी, जेन-जीका नाममा आइरहेका विभिन्न माग र भइरहेका अस्वाभाविक व्यवहार पनि चुनावका चुनौति हुन् । यसतर्फ सरकार सचेत हुनुपर्छ ।

## (घ) अन्तरिम सरकारः कार्यादेश लक्षित दृढताको अपेक्षा

चरम कुशासन र अहंकारको प्रतीक बनेको एमाले-कांग्रेसको सरकार ढल्नुपर्छ भनेर आन्दोलनरत रास्वपाका लागि भदौ २३ मा जेन-जी शान्तिपूर्ण आन्दोलनको दौरान भएको नरसंहारपछि त्यो अनैतिक सरकारको औचित्य पूर्णतः समाप्त भएको र तिनै दुई दलको वर्चस्व रहेको प्रतिनिधिसभाको वैधता पनि सकिएको निष्कर्ष निकाल्दै ताजा जनादेश माग्ने पहिलो राष्ट्रिय दल रास्वपा हो ।

नयाँ मतादेशको अपरिहार्यता र जेन-जी पुस्ताले गरेको निर्णायक हस्तक्षेपको म्यान्डेटबीच सन्तुलन राख्न रास्वपाले भदौ २६ मै प्रतिनिधिसभाको नयाँ निर्वाचन ६ महिना भित्रै गर्ने तर सम्भावित प्रतिगमनविरुद्ध लड्न राष्ट्रिय सभाको स्थायी स्वरुप कायम राखिनुपर्ने अडान अनुरुप नै मुलुकको राजनीति अघि बढेको छ ।

रास्वपाका सुशासन केन्द्रित मुद्दा एवं जेन-जीका माग समान रहेकोले सुशीला कार्की नेतृत्वको सरकारप्रति पार्टीको सद्भाव र शुभेच्छा छ । तर, सम्पत्ति विवरण समेत नबुझाएको 'नागरिक सरकार'लाई हाम्रो समर्थन निसर्त एवं अनन्तकालीन हुन भने सक्दैन । वर्तमान सरकार प्रतिशोधको राजनीतिविरुद्ध कसरी प्रस्तुत हुन्छ भन्नेदेखि सुशासन, दण्डहीनताको अन्त्य र निर्वाचन सम्बन्धित काम-कारवाहीसम्म कसरी अघि बढ्छ भन्ने कुराले हाम्रो शुभेच्छा र सद्भावको निरन्तरता वा क्रमभंगता निर्धारण गर्ने छ ।

आगामी दिनमा शासकीय वैधताको स्रोतको पुनर्ताजगीका लागि सरकारसँग हाम्रा केही स्वभाविक अपेक्षा छन् ।

- भदौ २३ को नरसंहार र २४ को हिंसात्मक घटनाको छानबिन, प्रहरी मनोबल उच्च राख्न साधन-स्रोतको परिचालन । रास्वपविरुद्ध एघार महिना षड्यन्त्र गर्ने निर्वाचन आयोगबाट दलीय छायाँ हट्नुपर्ने ।

- लुकाइएका र दबाइएका दर्जनौं भ्रष्टाचार काण्डविरुद्ध कदम चाल्दा लहड होइन विधि र संस्थाको सहारा लिनुपर्ने । तर, 'चुनाव भाँडिन्छ' भन्ने कुतर्क पुराना दलले गर्न नहुने । साथै, सरकारले दह्रो खुट्टा टेक्न पर्ने ।

- वर्तमान अर्थमन्त्रीकै पहलमा बनेको 'आर्थिक सुधार-सुझाव प्रतिवेदन'का ४७८ वटा सिफारिसको बहुसंख्यक कार्यान्वयन र सार्वजनिक खरिद एवं ठेक्कापट्टाका विकृति बढार्दै भौतिक पूर्वाधारका नयाँ मानक स्थापित हुनपर्ने ।

- निष्पक्ष, भयरहित निर्वाचनका लागि राष्ट्र संघ एवं मित्रराष्ट्रहरुको पर्यवेक्षकीय भूमिका सुनिश्चित तथा सार्थक कूटनीतिक/प्राविधिक पहल गरी विदेशमा रहेका नेपालीको मतदान सुनिश्चित गर्नुपर्ने ।

## (२) रास्वपाको तत्कालीन कार्यभार

### (क) चुनावमा अर्जुनदृष्टि: स्पष्ट बहुमतको सरकार

रास्वपाको तत्कालीन अर्जुनदृष्टि आगामी चुनाव केन्द्रित हुनुपर्छ । र, पार्टीले आफ्ना नीति, कार्यक्रम र संगठनात्मक गतिविधि यसैतर्फ निर्देशित गर्नुपर्छ । पार्टीका प्रत्येक सदस्य, प्रत्येक समिति र प्रत्येक निर्णयले आगामी चुनावमा कसरी रास्वपालाई अझ बलियो बनाउन सक्छ भन्ने कुरालाई केन्द्रमा राख्नुपर्छ । जनताका मुद्दाहरूलाई सशक्त रूपमा उठाउने, संगठनलाई जनस्तरसम्म पुऱ्याउने र सक्षम तथा जनमुखी उम्मेदवार तयार गर्नेजस्ता कार्यमा योजनाबद्ध रुपमा सक्रिय हुनुपर्छ ।

स्पष्ट चुनावी अर्जुनदृष्टिले मात्र रास्वपामार्फत देशको रुपान्तरणको पक्षमा चुनावी परिणाम ल्याउन सकिन्छ । यदि सम्पूर्ण पार्टी पङ्क्तिको ध्यान चुनावमा केन्द्रित भएन भने, यसले आफ्ना एजेण्डालाई प्रभावकारी रूपमा जनसमक्ष पुऱ्याउन सक्दैन र जनताको विश्वास जित्न कठिन हुन्छ । नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको रास्वपाले आफूलाई केवल विरोधका लागि मात्र नभई, देश विकास र सुशासनका लागि वैकल्पिक शक्तिको रूपमा स्थापित गर्नका लागि पनि चुनावी सफलता अपरिहार्य छ । यसले गर्दा मात्र पार्टीले संसदमा प्रभाव बढाउन सक्छ, नीति-निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ र अन्ततः जनताले चाहेको परिवर्तनलाई साकार पार्न सक्छ ।

**प्रतिनिधि मित्रहरु,**

देशको समग्र रुपान्तरणका लागि रास्वपालाई स्पष्ट बहुमत किन, यसबारे बुँदागत उल्लेख गरौं ।

- नेपालमा लामो समयदेखि अस्थिर सरकारको समस्याले विकास र सुशासनमा बाधा पुऱ्याएको छ । स्पष्ट बहुमतको सरकारले नीतिगत स्थिरता प्रदान गर्छ र बारम्बारको सरकार परिवर्तनको खेललाई अन्त्य गर्छ । बहुमतको सरकारले कुनै पनि बाहिरी दबाव वा गठबन्धनका साझेदारहरूको स्वार्थमा सम्झौता नगरी जनताको हितमा काम गर्न सक्छ । बलियो जनादेश प्राप्त सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न थप दृढताका साथ अगाडि बढ्न सक्छ ।

- स्पष्ट बहुमतको सरकारले दीर्घकालीन विकास योजनाहरू निर्माण गरी त्यसलाई सफलतापूर्वक कार्यान्वयन गर्न सक्छ । यसले देशको पूर्वाधार विकास, औद्योगिकीकरण र कृषि आधुनिकीकरणमा मद्दत गर्छ । लगानीकर्तालाई आकर्षित र आर्थिक वृद्धि हासिल गर्न आर्थिक नीतिमा स्थिरता आवश्यक हुन्छ, जुन बहुमतको सरकारले प्रदान गर्न सक्छ । आर्थिक वृद्धिमार्फत रोजगारीका अवसर सिर्जना गरी युवा पलायनलाई रोक्न सकिन्छ ।
- बहुमतको सरकारले पुरानो राजनीतिक प्रणालीमा भएका विकृति-विसंगतिलाई हटाउन तथा आवश्यक नीतिगत र संरचनागत सुधार गर्न साहसिक निर्णयहरू लिन सक्छ । जनताको हितमा आवश्यक पर्ने कानुन बनाउन र पुराना अव्यावहारिक कानुन संशोधन गर्न सहज हुन्छ ।

रास्वपाप्रति जनताले नयाँ राजनीतिक शक्ति र विकल्पको रूपमा ठूलो आशा राखेका छन् । बहुमतको सरकार बनाएर रास्वपाले जनताको यो आशालाई पूरा गर्नुपर्छ । बहुमतको सरकार जनताप्रति पूर्ण रूपमा जवाफदेही हुन्छ र आफ्ना चुनावी प्रतिबद्धता पूरा गर्न बाध्य हुन्छ । रास्वपाले स्पष्ट बहुमतको सरकार बनाउनु भनेको देशमा राजनीतिक स्थिरता कायम गर्दै विकास र सुशासनको नयाँ युगको सुरुवात हुनु हो । यसका लागि पार्टीले बलियो संगठन, स्पष्ट नीति, प्रभावकारी सञ्चार र योग्य नेतृत्वका साथ चुनावी तयारी गर्नुपर्छ ।

(उम्मेदवार छनोट विधि, लिडरसिप एकेडेमी र क्यान्डिडेट क्लबबारे सहमहामन्त्री विपिन कुमार आचार्यले छुट्टै प्रतिवेदन पेश गर्नुहुने छ ।)

## (ख) वैकल्पिक शक्तिको संयोजन: एकता, सहकार्य र मोर्चाबन्दी

नेपालको राजनीतिमा लामो समयदेखि प्रभुत्व जमाउँदै आएका कांग्रेस, एमाले र माओवादी केन्द्रजस्ता पुराना राजनीतिक दलहरूको शासकीय अक्षमता पुष्टि भइसकेको छ । तसर्थ, आगामी निर्वाचनमा यिनै पुराना शक्तिको पुनरुत्थानलाई रोक्न नसके देशले थप संकट र निराशा भोग्नुपर्ने निश्चित प्रायः छ ।

पुराना दलहरूको शासकीय अक्षमतालाई रोक्न एक सशक्त र विश्वसनीय वैकल्पिक राजनीतिक शक्ति बनाउन अपरिहार्य छ । यसका लागि देशको विकास, सुशासन र परिवर्तनका लागि प्रतिबद्ध नयाँ दल, समूह र स्वतन्त्र व्यक्तिहरू एक ठाउँमा आउनु अनिवार्य हुन्छ । सानातिना स्वार्थ र अहंलाई त्यागेर वृहत् सहकार्यको भावनाका साथ अघि बढे मात्र जनताले एउटा भरपर्दो विकल्प पाउने छन् । साझा एजेण्डा, स्वच्छ छवि र परिवर्तनप्रतिको

दृढ संकल्पका साथ वैकल्पिक शक्तिहरू सकेसम्म एउटै पार्टी भएर, नसके पनि एउटै चुनाव चिन्ह लिएर मैदानमा उत्रिए मात्र पुराना दलहरूको विरासतलाई चुनौती दिन र जनताको विश्वास जित्न सम्भव हुनेछ । यो एकता केवल चुनावी रणनीतिका लागि मात्र नभई, देशमा साँच्चिकै परिवर्तन ल्याउनका लागि पनि आधारभूत सर्त हो ।

रास्वपा, मुलुकको चौथो राजनीतिक शक्ति । जनताले यसलाई पुराना तीन दलको विकल्पका रुपमा स्वीकार गरेको तथ्य २०७९ को चुनावी परिणाम हो । जनविश्वासको मात्रा, संसदीय अनुभव, प्रभावकारी एजेण्डा, गतिशिल र स्वीकार्य नेतृत्व एवं सांगठनिक आधारका दृष्टिले रास्वपालाई नै वैकल्पिक राजनीतिक दल, शक्ति, समूह र व्यक्तिहरुको केन्द्र बनाउन सकिन्छ भन्नेमा हामी विश्वस्त छौं । र, प्रयास पनि गरिरहेका छौं । वैकल्पिक राजनीतिक दलमध्ये जनअनुमोदनका दृष्टिले सबैभन्दा ठूलो हुनुको नाताले पनि परिवर्तनकारी दल, संगठन, समूह वा व्यक्तिलाई एकीकृत गर्ने जिम्मेवारी रास्वपाको हो । यसमा हामी पूर्ण सचेत र गम्भीर छौं । पार्टी स्थापना गर्दा अहिले नाम आएका सबैसँग सँगै जाऊँ भनेर कुरा गर्दाको साक्षी मै हुँ । तर, त्यसबेला उहाँहरूले पत्याउनु भएन । अहिले पनि हामी उहाँहरूलाई हार्दिकतापूर्वक स्वागत गर्न चाहन्छौं । तर, यो पार्टीको इतिहास र पहिचान उहाँहरूले पनि बुझ्नु पर्छ । पार्टी बनाउने चाहानालाई स्वागत छ । तर, 'कब्जा' गर्ने नियतको चाहिं खुला प्रतिवाद गर्छौं नै ।

- रास्वपाले समान विचार र कार्यशैली भएकाहरूसँग हातेमालो गर्नुपर्छ । र, उनीहरूसँग सहकार्यको आधार र विश्वासको वातावरण पनि बनाउनुपर्छ ।
- व्यक्तिगत अहं र सानातिना मतभेदलाई छाडेर, बृहत् राष्ट्रिय हित र परिवर्तनको एजेण्डामा आधारित भएर एकता, मोर्चाबन्दी वा सहकार्यका लागि खुला हुनुपर्छ ।
- संभव हुनेसँग एकता गर्ने, नहुनेसँग मोर्चाबन्दी र त्यो पनि नहुनेसँग सीमित मुद्दामा तत्कालीन सहकार्य गर्ने नीति अवलम्बन गर्नुपर्छ । यसले वैकल्पिक शक्ति निर्माणको आधार बनाउँदै लैजान्छ ।

**प्रतिनिधि मित्रहरु,**

वैकल्पिक राजनीतिक शक्तिलाई एकीकृत र सुदृढ गर्ने हकमा, शासकीय सुधारमार्फत जनअपेक्षा पूरा गर्ने सर्तमा र परम्परागत राजनीतिको दिशा र दशा परिवर्तनको मानेमा रास्वपा जोसँग जहिल्यै खुला र परिणाममुखी छलफल गर्न तयार छ । अनि, राष्ट्र, राष्ट्रियता, समानता र समृद्धिको अभियान पूरा गर्ने विश्वासयोग्य आधार तयार

गर्न रास्वपा जुनसुकै त्याग गर्न पनि तयार छ । म यही प्रतिवेदनमार्फत वैकल्पिक राजनीतिक शक्तिको वकालत गर्नुहुने वा निर्माणमा सक्रियतापूर्वक जुटिरहनु भएका सबै दल, समूह र संगठनलाई राष्ट्रको आवश्यकता र समयको चाप महसुस गरी सार्थक संवादमा सहभागी हुन आह्वानसमेत गर्दछु ।

वैकल्पिक राजनीतिक दल, संगठन, समूह र व्यक्तिहरुसंग छलफल गर्न हामीले केन्द्रीय सदस्यहरु पुकार बम, सोबिता गौतम, गणेश कार्की, कान्तिशिखा घिताल, टीका (ज्वाला) सग्रौला रहेको समिति बनाएका छौं । शीर्ष तहमा प्रत्यक्ष वार्ता गर्न उपसभापति डा. स्वर्णिम वाग्लेको संयोजकत्वमा 'उच्च संवाद समिति' बनाइएको छ । दुवै समितिले अनौपचारिक/औपचारिक संवादलाई तार्किक निष्कर्षमा पुऱ्याएर सकारात्मक सन्देश दिने प्रयास गरिरहेका छन् । हाम्रो यो प्रयास रास्वपालाई मात्रै बलियो बनाउन होइन, राष्ट्र, राष्ट्रियता र जनजीविकाका मुद्दा तथा जनताको अपेक्षालाई प्रधान मुद्दा बनाउन पनि हो । पुराना राजनीतिक दलहरुले जनविश्वास प्रति गरेको घातको निरन्तरतालाई रोक्न हो ।

हामीले विशेष ख्याल गरेका छौं कि, वैकल्पिक राजनीतिक शक्तिप्रतिको विश्वास र मतलाई एकीकृत गर्ने मूल दायित्व हाम्रै हो ।

### (ग) सांगठनिक शुद्धीकरण र सुदृढीकरण

स्वीकार्न सक्नुपर्छ कि, पार्टी स्थापनाको केही वर्ष मात्र भएकाले हामीसंग संस्थागत राजनीतिक र सांगठनिक अनुभव सीमित छ । अनि, आफैंले सोचे र जनस्तरले चाहे जसरी हामीले सांगठनिक विस्तार गर्न सकेका छैनौं । जे-जति गरेका छौं त्यो पनि समस्यारहित छैन । हामी कि विभिन्न दलबाट बाहिरिएर वा कि पहिलोपटक राजनीतिक दल रोजेर रास्वपामा आवद्ध भएका हौं । आफू आवद्ध रहेको दल खराब लागेपछि त्यागेर यहाँ एकीकृत हुनेसंग पनि पुरानै चरित्र र प्रवृत्ति कायम छ भने रास्वपालाई पहिलो राजनीतिक दल छान्नेहरुसंग पनि राजनीतिक ज्ञान र चरित्रको कमी छ । अर्कोतिर, पार्टीले प्रशिक्षित गर्न नसक्दा हामी पुरानो चरित्र र प्रवृत्तिबाट मुक्त भएर राजनीतिक चरित्र उन्मुख हुन सकेका छैनौं । अर्थात्, हामीले अहिलेसम्म रास्वपाको आफ्नै 'स्कूलिङ' (मूल्य-मान्यता) स्थापित गर्ने चक्र पूरा गर्न सकेका छैनौं । जसका कारण पार्टीमा कैयौं कमजोरी र समस्या बढ्दै गएको छ ।

पार्टीमा सामूहिकता भन्दा व्यक्ति प्रधान हुने अभ्यास, स्वअनुशासन र आचार-संहिता प्रतिकूलका गतिविधिको बढोत्तरी, विवाद व्यवस्थापन र समाधानमा भन्दा बढाउने प्रवृत्ति, गोपनीयता भंग र मिडिया ट्रायल, पार्टी नेतृत्व र शीर्ष नेताहरुप्रति अमर्यादित सार्वजनिक टिप्पणीजस्ता समस्या बढेका छन् ।

पार्टीभित्रका यस्ता कैयौं समस्या निराकरण र जेन-जी आन्दोलनले दिएको सन्देश स्वीकार्न पनि हामीले सोच र कार्यशैलीमा मात्रै होइन सांगठनिक संरचनामै शुद्धीकरण र सुदृढीकरण अभियान सञ्चालन गर्नुपर्ने छ । यो अभियान केवल चुनावी सफलताका लागि मात्र नभई, एक दिगो, विश्वसनीय र वैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित हुनका लागि पनि अपरिहार्य छ । जनताबीच स्थापित हुन र उनीहरुको विश्वास प्राप्त गर्न हामी आन्तरिक रूपमा बलियो र स्वच्छ हुनैपर्छ ।

वैकल्पिक राजनीतिक शक्तिको पहिचान रक्षा, जनविश्वसनीयताको निरन्तरता, आफ्नै मूल्य-मान्यताको निर्माण र कार्यान्वयन तथा अवसरवादी र खराब तत्वको बहिर्गमनका लागि पार्टी शुद्धीकरण र सुदृढीकरणको अभियान एकसाथ चलाउनुपर्छ ।

- रास्वपाले छोटो समयमै राम्रो जनमत प्राप्त गर्‍यो । तर, यो जनमतलाई दिगो बनाउँदै थप बिस्तार गर्न बलियो सांगठनिक संरचना चाहिन्छ । केवल नेताको लोकप्रियताले मात्र पार्टी टिक्दैन । हरेक पालिका, वडा र टोलमा पार्टीको उपस्थिति र सक्रियता हुनुपर्छ ।
- बलियो संगठनले मात्र पार्टीलाई जनस्तरसम्म पुर्‍याउन सक्छ । स्थानीय तहमा सक्रिय समितिहरुले जनताका समस्या सुन्ने, पार्टीका एजेण्डा बुझाउने र जनतालाई पार्टीसँग जोड्ने काम गर्छन । यसले पार्टी र जनताबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँछ ।
- सुदृढ संगठनले स्थानीय तहमा नयाँ नेतृत्वको खोजी र बिकास गर्छ । यही प्रक्रियाबाटै भविष्यका लागि योग्य नेता उत्पादन हुन्छन् । सक्षम र सबल स्थानीय नेतृत्वले मात्रै सदस्यहरुलाई नीति निर्माण, जनपरिचालन र निर्वाचन अभियानमा प्रभावकारी परिचालन गर्न सक्छ ।
- संसदीय मोर्चा (चुनाव) को सफलताका लागि बलियो संगठनको विकल्प छैन । निर्वाचन प्रचार-प्रसार, मतदाता शिक्षा, मतदान केन्द्रको सुरक्षा र व्यवस्थापन, मतगणनामा हुने धाँधली रोक्नेजस्ता कार्य सुदृढ संगठन बिना सम्भव हुँदैन ।

पार्टीका नेता र सदस्यहरूको पृष्ठभूमि छानबिन गर्न, बिबादित व्यक्तिहरूलाई प्रवेशमा रोक लगाउन, आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाउन, पारदर्शिता कायम गर्ने र पार्टी संरचनालाई हरेक तहसम्म विस्तार गर्न चुनावी तयारीसँगै योजनाबद्ध रुपमा सांगठनिक शुद्धीकरण र सुदृढीकरण अभियान चलाउनुपर्छ । यो प्रक्रियाले मात्रै रास्वपालाई स्वच्छ, बलियो र भरपर्दो शक्तिको रूपमा स्थापित गर्न सक्नेछ ।

## (३) चुनावी अवधारणा र एजेण्डा

### (क) सुधारः सोचदेखि शासनसम्म

'सुधार: सोचदेखि शासनसम्म'लाई हामीले चुनावी अभियानको मुख्य सोच/अवधारणा बनाउनुपर्छ । यो सोच/अवधारणाले नागरिकको सोचाइ परिवर्तनदेखि शासन-सत्ताको सुधारसम्मलाई एकीकृत गर्छ । हामीलाई समग्र राजनीतिक, सामाजिक र प्रशासनिक प्रणालीमा सतही सुधार वा टुक्रे परिवर्तन होइन आमूल परिवर्तन चाहिएको छ । र, यो परिवर्तनको आधार हो- नेपाली समाजको सोच, दृष्टिकोण र व्यवहारमै रूपान्तरण । हामी जनताको मानसिकता, कर्मचारीतन्त्रको कार्यशैली, राजनीतिक नेतृत्वको दृष्टिकोण र समग्र शासन प्रणालीमै व्यापक सुधार चाहन्छौं । यो सोच/अवधारणाले परम्परागत राजनीतिको जडता र यथास्थितिवादलाई तोड्दै, नयाँ दृष्टि र दिशाका साथ अगाडि बढ्ने प्रतिबद्धता जनाउँछ । र, यसबाट जनतामा सुशासन र समृद्धिको नयाँ आशा जगाउन सकिन्छ ।

'सुधार: सोचदेखि शासनसम्म' सोच/अवधारणाले नागरिकको चेतना अभिवृद्धि, राजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र र पारदर्शिता कायम, भ्रष्टाचार र अनियमिततापति शून्य सहनशीलता तथा सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र प्रभावकारी बनाउने लक्ष्य राख्छ । यसमा शिक्षा प्रणालीको आधुनिकीकरण, स्वास्थ्य सेवामा सबैको पहुँच, उद्यमशीलताको विकास, युवा रोजगारी सिर्जना र सूचना प्रविधिको अधिकतम प्रयोगजस्ता पक्षहरू समावेश हुनुपर्छ । यदि रास्वपाले यस एजेण्डालाई ठोस कार्ययोजनाका साथ अगाडि बढाउन सक्यो भने, यसले पुराना राजनीतिक दलहरूबाट निराश भएका जनताको मन जित्न सक्छ ।

### (ख) संविधान परिमार्जन

वर्तमान संविधान जारी भएको दस वर्ष भयो । सामान्यतया, कुनै पनि ठूला राजनीतिक दस्तावेज वा संविधान, जारी भएपछि त्यसको कार्यान्वयन र प्रभावकारिताको समीक्षा निश्चित अवधि (५ वा १० वर्ष) मा गर्ने प्रचलन विश्वभरि नै छ । कार्यान्वयनको समीक्षासहित जनताको आकांक्षा र राष्ट्रिय आवश्यकता सम्बोधन तथा नयाँ राजनीतिक परिस्थिति वा सम्झौतालाई संस्थागत गर्न संविधान परिमार्जन गर्नैपर्ने अवस्थामा हामी पनि आइपुगिसेका छौं ।

संविधान कुनै स्थिर र अपरिवर्तनीय दस्तावेज नभई, समयको माग, राष्ट्रको आवश्यकता र जनताका अपेक्षाअनुसार गतिशील हुने दस्तावेज हो । संविधान

परिमार्जनलाई केवल राजनीतिक दलहरूको स्वार्थपूर्तिका रूपमा नभई, राष्ट्रिय हित र जनचाहनाको प्रतिनिधित्व गर्ने माध्यमका रूपमा हेर्नुपर्छ। यसले संविधानलाई अझ बढी स्वीकार्य, समावेशी र समयसापेक्ष बनाउन मद्दत गर्छ। संघीयताको कार्यान्वयनमा देखिएका जटिलता, स्थानीय तहको अधिकार, प्राकृतिक स्रोतको बाँडफाँट र न्यायपालिकाको सुधारजस्ता विषयहरूमा संविधानले परिकल्पना गरेको भन्दा फरक व्यावहारिक चुनौती देखा परेका छन्। यी चुनौतीलाई समाधान गर्न र संविधानलाई अझ बढी प्रभावकारी बनाउन परिमार्जन अनिवार्य भएको हो। परिमार्जनले संविधानप्रतिको अपनत्व बढाउँछ, विभिन्न समूहका जायज मागलाई सम्बोधन गर्छ र अन्ततः देशलाई स्थायी शान्ति र विकासको मार्गमा डोऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्छ।

जेन-जी आन्दोलनको म्यान्डेट र युवा पुस्ताको भावना सम्बोधन गर्न संविधान परिमार्जन अपरिहार्य छ। सरकारले अविलम्ब संविधान परिमार्जन सुझाव आयोग/कार्यदल गठन गर्नुपर्छ।

२०८१ असोजमा काठमाडौंमा भएको राष्ट्रिय भेलामा सभापति रवि लामिछानेज्यूले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमै संविधान संशोधनबारे पार्टीको प्रारम्भिक धारणा र मुख्य केही मुद्दा उल्लेख गरिएको थियो। सभापतिज्यूले भैरहवा कारागारबाट सचिवालयमार्फत जारी गराउनु भएको अपीलमा पनि संविधान संशोधनबारे चर्चा गरिएको छ। दुवै सन्दर्भमा उठाइएका विषयलाई यहाँ स्मरण गर्नु सान्दर्भिक नै हुन्छ।

- स्वतन्त्र, गैरदलीय र प्रतिष्ठित व्यक्ति राष्ट्रपति। राष्ट्रियसभा अध्यक्ष नै उपराष्ट्रपति। राष्ट्रियसभा, राष्ट्रिय एकता झल्किने गैरदलीय र समावेशी 'विद्वत सभा'।
- प्रत्यक्ष निर्वाचित कार्यकारी। प्रधानमन्त्रीले आफ्ना मन्त्री योग्य र विषय विज्ञ नेपाली नागरिकबाट छान्न पाउने व्यवस्था। सांसदको भूमिका विधायकी मात्र।
- संघीयताको पुनर्संरचना। विज्ञले नेतृत्व गर्ने गरी प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री र पाँच वटा प्रदेश मन्त्रालय। अधिकार सम्पन्न स्थानीय सरकार, संख्या पाँच सयभन्दा मुनि।
- सुधारिएको निर्वाचन प्रणाली। संवैधानिक र न्याय परिषद् खारेज, न्यायपालिकाको पुनर्संरचना। राजनीतिक हस्तक्षेपमुक्त, अधिकार र स्रोत-साधन सम्पन्न अख्तियार।
- राष्ट्रिय मान्यता प्राप्त दलहरुलाई तिनले प्राप्त गरेको समानुपातिक मतको आधारमा राज्यको अनुदान।

**प्रतिनिधि मित्रहरु,**

हामीले पनि संविधानमा गर्नुपर्ने परिमार्जन केलाउन सचिवालय सदस्य सन्तोष परियारको संयोजकत्वमा २०८१ पुसमा कार्यदल बनाएका छौं । कार्यदलले दिने प्रतिवेदनका आधारमा संविधान परिमार्जन गर्नुपर्ने बुँदाहरु वाचापत्रमै उल्लेख गरेर निर्वाचनमा होमिने छौं ।

**(ग) अकुत सम्पत्ति र भ्रष्टाचारका काण्डका छानबिन/कारबाही**

पार्टी स्थापनासँगै हामीले बर्तमान र पूर्वउच्च पदस्थ नेतृत्व (राजनीतिक, प्रशासनिक, न्यायिकलगायत सबै) को सम्पत्ति छानबिनको माग गर्दै आएका छौं । किनकि, राज्यको उच्च ओहोदामा बसेर उनीहरुले चरम दोहन र आर्थिक अनियमितता गरेको जनस्तरको आशंका छ । उनीहरुको अप्रत्याशित आर्थिक रुपान्तरण र रवाफिलो जीवनशैलीले त्यो आशंकालाई बल दिएको छ । यही कारण राजनीतिक र प्रशासनिक नेतृत्व (पूर्व/बहालवाला)प्रति जनस्तरको अविश्वास र घृणा छ । यस्तो अविश्वास र घृणाको निरन्तरता राष्ट्रिय एकताकै स्थायी अवरोधक बन्न सक्ने भएकाले पनि हामीले वैधानिक विधि र संयन्त्रबाट अकुत सम्पत्ति कमाएको आशंकालाई कि पुष्टि गर्नुपर्छ कि सफाइ दिनुपर्छ । त्यसका लागि सम्पत्ति छानबिन आयोग गठन अनिवार्य छ ।

भ्रष्टाचार भयो भनेर चर्चामा आएका तर छानबिन नभएका (भए पनि प्रभावकारी रुपमा नभएका) काण्डबारे छानबिन गर्न आयोगको माग गर्दै आएका थियौं/छौं । सभापति रवि लामिछानेले उपप्रधान एवं गृहमन्त्रीका रुपमा सरकारले छुट्टाछुट्टै दुई आयोग गठन गर्ने जानकारी सदनमै दिनु भएको थियो । तर, सार्थक पहल गर्दा पनि त्यसबेला संभव भएन ।

ठूल्ठूला भ्रष्टाचार काण्ड प्रचारमा आएको वर्षौं भइसक्यो । तर, राजनीतिक नेतृत्वकै संलग्नता र संरक्षणका कारण प्रभावकारी छानबिन भएको छैन । बाइडबडी, यति-ओम्नी, नक्कली भुटानी शरणार्थी, गिरिबन्धु, भिजिट भिसा, पोखरा/भैरहवा विमानस्थल निर्माणलगायतका भ्रष्टाचार काण्डको निष्पक्ष छानबिन र कारवाहीले मात्र सुशासन, जवाफदेहिता र कानूनी शासनको प्रत्याभूति गराउँछ । यसले समाजमा नैतिकता र सदाचार कायम गर्न मद्दत पुऱ्याउँछ । साथै, सार्वजनिक पदमा रहेका व्यक्तिहरूलाई आफ्नो जिम्मेवारीप्रति गम्भीर बनाउँछ ।

भ्रष्टाचारले देशको अर्थतन्त्रमा नकारात्मक असर पार्नुका साथै विकास प्रक्रियामा बाधा पुऱ्याउँछ । यदि यस्ता घटनाहरूमाथि निष्पक्ष छानबिन भएन

र दोषीहरूलाई कारबाही गरिएन भने नागरिकको राज्यप्रतिको विश्वास घट्छ र दण्डहीनताले प्रश्रय पाउँछ। जसले अन्ततः सामाजिक न्याय र समानतामाथि गम्भीर प्रश्न खडा गर्छ। तसर्थ, भ्रष्टाचारमुक्त समाज निर्माणका लागि निष्पक्ष छानबिन र कारबाही अपरिहार्य छ।

**प्रतिनिधि मित्रहरु,**

जेन-जी आन्दोलनपछि अकुत सम्पत्ति छानबिन र ठूला भ्रष्टाचारका काण्ड छानबिन आयोग गठनको माग जोडतोडका साथ उठेको छ । तर, सरकारले त्यसतर्फ ध्यान दिएको संकेत मिलेको छैन । दलहरुलाई विश्वासमा लिएर चुनावी वातावरण बनाउनुपर्ने बाध्यतामा रहेको सरकारले यस्तो आयोग बनाउने सम्भावना कम छ। वर्तमान सरकारले आयोग बनाएन भने चुनावपछिको सरकारले बनाउनै पर्छ । र, त्यसले दिने प्रतिवेदन कार्यान्वयनको पूर्ण ग्यारेन्टी पनि गर्नुपर्छ । त्यसैले दुवै आयोग गठनलाई हामीले मुख्य चुनावी मुद्दा बनाउनु पर्छ।

### (घ) मौलिक हकको कार्यान्वयन र समतामूलक समृद्धि

विश्वको राजनीतिक अस्थिरताको मूल कारण नै राष्ट्र-राष्ट्र र व्यक्ति - व्यक्तिबीचको ठूलो अन्तरको असमानता (सामाजिक र आर्थिक) हो । विश्वमा शान्तिपूर्ण राजनीतिक अवस्थाको परिकल्पना गर्ने हो भने सामाजिक र आर्थिक असमानातालाई सम्बोधन गर्ने न्यूनतम साझा नीतिहरुमा सबै राष्ट्रबीच सहमति हुन आवश्यक छ । शक्तिको आधारमा होइन मानवता (Humanity), समानता (Equality), अर्थिक सुरक्षा (Economic Security) र एकता (Solidarity) को आधारमा काम गर्नुपर्छ भन्नेमा हामी स्पष्ट छौ ।

नेपालको अहिलेको निराशालाग्दो राजनीतिक अवस्थाको सिर्जना पनि धनी र गरिबबीचको, हुने र नहुनेबीचको, शक्तिमा हुने र जनताबीचको सामाजिक र आर्थिक ठूलो असमानताले ल्याएको हो । स्वास्थ्य र शिक्षा गरिब सामान्य जनताले धान्ने नसक्ने खालको छ। रोजगारीका अवसर बन्दजस्तै छ। युवालाई विदेश जानेबाहेकको अवसर नै छैन । निजी क्षेत्रलाई लगानीमैत्री वातावरण छैन। यी सबै समस्याको जरो भ्रष्टचार र कुशासन नै हो। रास्वपा यी समस्या समाधान गर्ने लक्ष्यमा रहेकाले आगामी निर्वाचनमा मौलिक हक कार्यान्वयनको स्पष्ट योजनाका साथ चुनावी अभियानमा जुट्ने छ । संविधानमा व्यवस्था भएको शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी र सरसफाइ, स्वच्छ वातावरणमा बस्न पाउने, खाद्य सम्प्रभुता, जलवायू परिवर्तनको कारणले पर्ने असरजस्ता विषयलाई ग्यारेन्टी गर्न विषयगत विज्ञहरुको टोली बनाएर ठोश योजना तयार

गरी तीन तहको सरकारको स्पष्ट समन्वयमा नतिजामुखी कार्यान्वयनको लागि सरकारभित्र वा बाहिर जहाँ बसेपनि निरन्तर रुपमा जनताले सुन्ने र देख्ने गरी काम गर्नेछौं । यसको लागि सम्पूर्ण पार्टी पंक्तिलाई प्रशिक्षित गरी सार्वजनिक सेवाको प्रभावकारिताको लागि नागरिक निगरानी टोलीहरु परिचालन गरिनेछ। नागरिकको निगरानीले दण्डहीनताको अन्त्य र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति कार्यान्वयनमा ठूलो सहयोग पुग्नेछ भन्नेमा हामी स्पष्ट छौं । विशेषत: रोजगारी सिर्जना, आर्थिक र उत्पादन वृद्धिमा निजी क्षेत्रका लागि उच्चस्तरको लगानी गर्ने वातावरण निर्माण तथा शिक्षा र स्वास्थ्यजस्तो मौलिक हकको विषयलाई राज्यको नेतृत्वमा कार्यान्वयन गरिनेछ ।

पार्टीले संघीय, प्रदेश र स्थानीय सरकारको नेतृत्व गर्दा गर्ने कामको सूची (ब्लू-प्रिन्ट) लिएर निर्वाचनमा जाने घोषणा यसअघि नै हामीले गरिसकेका छौं । हाम्रा राजनीतिक, आर्थिक र सामाजिक एजेण्डा कार्यान्वयनको आधार तयार गर्न, जोखिम न्यूनीकरणका उपाय अपनाउन, अर्थराजनीतिक पाटाहरू केलाउदै, सरकारका तत्कालिन कार्यक्रममार्फत तीव्र रुपान्तरणका लागि आवश्यक स्रोत-साधन तथा कानूनी प्रबन्ध सुनिश्चित गर्ने व्यावहारिक अभियान हो, 'मिसन पोलिटिक्स वीथ ब्लू-प्रिन्ट' ।

**प्रतिनिधि मित्रहरु,**

यसबारे पार्टीले छुट्टै संयन्त्र बनाएर काम गरिरहेको छ । चुनाव नजिकिएका कारण त्यो कामलाई तीव्रताका साथ सम्पन्न गर्नुपर्ने दबाब बढेको छ । यसतर्फ 'मिसन ब्लू-प्रिन्ट'को जिम्मेवारीमा रहनुभएका मित्रहरुको यसै प्रतिवेदनमार्फत पनि ध्यानाकर्षण गराउँछु । साथै, बाचापत्रमा समेट्नुपर्ने मुद्दा, सन्दर्भ र विषयबारे संस्थागत च्यानलबाट सुझाव पेश गर्नुहुन पनि मातहतका समितिहरुलाई आग्रह गर्दछु ।

(चुनावी बाचापत्रको अवधारणा र खाकाबारे उपसभापति डा.स्वर्णिम वाग्लेले छुट्टै प्रतिवेदन पेश गर्नुहुनेछ ।)

## (४) पार्टीको आन्तरिक जीवन

### (क) स्थापनाको तीन बर्ष: सिकाईको परिस्कृत अभ्यास

स्थापनाको चालीस महिनामा हामी सबैको प्रयासमा जनताको आशा, भरोसा र विश्वासले रास्वपालाई संगठनात्मक रुपमा र संसदीय फाँटमा चौथो ठूलो राजनीतिक पार्टी बनाउन सफल भएका छौं । यो हामी सबैको गौरबको विषय हो । पार्टीलाई देशको सबैभन्दा ठूलो बनाएर सरकारको नेतृत्व गरी सुशासनको सुरुवात र भ्रष्टहरुको नाइँगोभ्रार तथा देश र जनताको समृद्धिलाई उचाइमा

पुऱ्याउने जिम्मेवारी पनि हामीले नै पूरा गर्नुपर्ने छ। यसका लागि हामीले पार्टी जीवनको निष्पक्ष समीक्षा गरी अगाडि बढ्न आवश्यक छ।

जनताको अवस्था बदल्ने अवधिमा हामीले संसदीय फाँटमा जुन रफ्तारले आफूलाई स्थापित गऱ्यौं, सांगठनिक क्षेत्रमा सकेनौं। एक/डेढ वर्षसम त संगठन बनाउने कि नबनाउने, बनाउने भए कस्तो र कत्रो भन्ने बहसमा अलमलियौं। यो तीन वर्षमा सबै पालिका र वडा तहमा पार्टीका संरचना बनिसक्नु पर्ने थियो। तर, पुऱ्याउन सकेनौं। राजनीतिक/सांगठनिक प्रशिक्षण दिन नसक्दा वा पार्टी काममा लाग्ने गरी 'अभियान' दिन चुक्दा बनेका कैयौं सदस्य र समिति पनि निष्क्रिय छन्।

सांगठनिक स्वरुप र ढांचाको अन्यौल, पार्टी विस्तारको सुस्त गति, परिभाषित कार्यक्षेत्र र जिम्मेवारीको अभाव, कमजोर समानुपातिक/समावेशी प्रतिनिधित्व, केन्द्र नियन्त्रित सांगठनिक संरचना, लोकप्रियतावादप्रतिको रुची, हामी लक्षित तथाकथित विभिन्न प्रकरण र तिप्रतिको निम्छरो प्रतिवाद, कमजोर आन्तरिक सूचना प्रणाली एवं नेता/सदस्यबीचको दोहोरो अन्तरक्रिया अभाव पनि हाम्रा कमजोरी हुन्। हामीले आफूलाई फरक हौं त भन्यौं। तर, विभिन्न 'धार'बाट एकत्रित हुनेले पुरानै विचार र दृष्टिकोणको धडधडी कायम राख्दा र कतिपयको गैर-राजनीतिक पृष्ठभूमि हुँदा हामीले अझै 'रास्वपा डीएनए' स्थापित गर्न सकेनौं। एक/दुई अपवादलाई छोडेर २०७९ को चुनावमा पार्टीको एक इसारामा तन, मन र धन लगाएर चुनावमा होमिएका १३१ प्रत्यक्ष तथा ११० समानुपातिक उम्मेदवारको क्षमता सदुपयोग गर्न नसक्नुमा पनि कमजोरी छन्। घण्टी बोक्ने एकजना पनि नहुँदासमेत एक्लै चुनावमा होमिएका साथीहरू रास्वपाका अमूल्य सम्पत्ति हुन्। यति स्वीकार्न यति धेरै समय लाग्नु हुन्नथ्यो।

नेतृत्वप्रतिको तथ्यहीन आलोचना, पार्टीका नेताहरुमा बढेको महत्वकांक्षा र अरुको अस्तित्व अस्वीकार गर्ने प्रवृत्ति, पार्टीका संरचनाहरुमा गतिहीनता, सांगठनिक समन्वय अभाव आदि कारणले पार्टी पंक्तिसहित सबै समर्थक/शुभेच्छुकलाई चिन्तित बनाएको छ। सफलताको बढाई-चढाई चर्चा गर्ने तर कमजोरी लुकाउने प्रवृत्तिले यथास्थितिबाट बाहिर निस्किन दिँदैन। त्यसैले, पार्टीमा देखिएका माथिका कमजोरी अन्त्यका लागि निर्मम आत्मसमीक्षा आवश्यक छ। व्यक्तिगत आग्रह र पूर्वाग्रह तथा राजनीतिक छिनाझपटी र प्रतिस्पर्धाभन्दा माथि उठेर बेलैमा समीक्षा र त्यसबाट प्राप्त हुने निष्कर्ष आत्मसात् गर्न सकेनौं भने हाम्रो उपस्थिति र औचित्य खुम्चिने निश्चित छ। यसतर्फ सचेत रहन पार्टी पंक्तिलाई आह्वान गर्दछु।

## (ख) प्रतिशोधविरुद्ध राजनीतिक र कानूनी लडाईं

करिब एक वर्षदेखि सभापति रवि लामिछानेज्यू कानूनी आवरणमा सिर्जित राजनीति प्रेरित अभियोगको सामना गरिरहनु भएको छ । र, पार्टी पनि त्यसविरुद्ध राजनीतिक र कानूनी लडाईंमै छ ।

एक नेताको व्यक्तित्वमा मात्र भर परेको र उसका व्यक्तिगत समस्यामा समेत पार्टीले अपनत्व लिएको भनेर कतिपय बाहिरी आलोचक र भित्री शुभेच्छुकले पनि प्रश्न नउठाएका होइनन् । स्थापना, विकास र विस्तारमा निर्विकल्प नेतृत्व दिएर पार्टीलाई जनविश्वासयोग्य बनाउन पुऱ्याएको योगदानका अगाडि तत्कालीन सरकारले राजनीतिक स्वार्थ प्रेरित भएर तथ्यहीन अभियोग लगाएका कारण पनि सिंगो पार्टीपंक्ति उहाँविरुद्धको षड्यन्त्रमा उभिएको हो । किनकि, राज्यले नै षड्यन्त्रमूलक रुपमा नेतृत्वको बदनामीसँगै पार्टीलाई कमजोर बनाउन खोज्छ भने त्यसविरुद्ध संस्थागत प्रतिवाद गर्नु हाम्रो कर्तव्य हो । हामी न मुद्दामा चुकेका छौं, न कर्तव्यमा । सभापति र उहाँका मुद्दालाई जोडेर पार्टीप्रति गरिँदै आएको कुप्रचार हामीमाथिको समग्र षड्यन्त्रकै अंश हो भन्नेमा हामी सचेत छौं । र, रहिरहने छौं ।

**प्रतिनिधि मित्रहरु,**

सभापतिविरुद्ध राजनीतिक प्रतिशोध कहाँ र कसरी गरियो भन्ने मुख्य-मुख्य तथ्य पार्टीको औपचारिक रेकर्डका लागि पनि यस प्रतिवेदनमा समेट्न उपयुक्त रहेकाले केही बुँदा उल्लेख गर्न चाहन्छु ।

**पहिलो -** संसदीय छानबिन विशेष समितिको प्रतिवेदनको पेज नम्बर ४४९ मा तीनवटा सन्दर्भ प्रष्ट रुपमा भनिएको छ, पहिलो- सहकारीबाट गोरखा मिडियामा पैसा आएको हो । दोस्रो - ल्याउने प्रक्रियामा रवि लामिछानेको संलग्नता पुष्टि भएन । तेस्रो - रकम आएपछि खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको हकमा दायित्व पर्ने भए प्रचलित कानूनबमोजिम कारवाही गर्नु । प्रतिवेदनले बकाइदा 'खर्च गरेको हकमा दायित्व पर्ने भए प्रचलित कानूनबमोजिम गर्नु' भनेकाले प्रचलित कानून भनेको कम्पनी ऐन, २०६३ हो । प्रतिवेदनले कम्पनी कानूनअनुसार भन्दा-भन्दै सरकारले कतै आकर्षित नहुने सहकारी ऐनको दफा प्रयोग गरेर मुद्दा लगाउनु राजनीतिक पूर्वाग्रह र प्रतिशोध नभएर के हो त?

**दोस्रो -** २०५४ साल यता विभिन्न विषयमा छानबिन गर्न १५ वटा संसदीय विशेष समिति बनेका रहेछन् । अरु १४ वटा समितिका सिफारिस सरकारले बुझ्यो, सकियो । रवि लामिछानेज्यूविरुद्धको सिफारिसलाई चाहिं इतिहासमै पहिलोपटक क्याबिनेटबाटै अनुमोदन गरियो । र, बाह्रसय पृष्ठको प्रतिवेदन मात्र रवि लामिछानेज्यूविरुद्ध कार्यान्वयन भयो । त्यो पनि एकदमै छलपूर्वक र बलपूर्वक ।

**तेस्रो -** अनुसन्धानका क्रममा सुरुमा सहकारी ठगीको आरोप लगाइयो । त्यसको मुद्दा बुझाउने म्याद सकिने भएपछि संगठित अपराधको अभियोग लगाएर ६० दिन थुन्ने प्रपञ्च गरियो । ६० दिन पनि सकिन लागेपछि ९० दिन थुन्न मिल्ने र सांसद पद पनि निलम्बन हुने सम्पत्ति शुद्धीकरणको अभियोग लगाइयो । एउटै आरोपमा देशका विभिन्न जिल्लामा अनुसन्धान गर्नुपर्दा त्यसको नेतृत्व प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले लिने र एकै ठाउँमा मुद्दा चलाउने अभ्यास छ । तर, सभापति रवि लामिछानेको अनुसन्धान केन्द्रिकृत गरिएन, जिल्ला-जिल्लामा पुऱ्याइयो ।

**चौथो -** कांग्रेसबाट प्रतिनिधित्व गर्ने तत्कालिन सांसद माया राई (स्वर्णलक्ष्मी सहकारीको तत्कालिन सहसचिव)लाई जनदबाब थेग्न नसकेर मात्रै पक्राउ गरियो । केही दिनमै अदालतले जम्मा दस लाख धरौटीमा छोडिदियो । कांग्रेस उपसभापति धनराज गुरुङलाई सामान्य सोधपुछमै टारियो । एमाले नेता ऋषिकेश पोखरेलकी पत्नी अञ्जलाको इलाम अदालतमा हाजिर भएकै दिन सामान्य धरौटीमा छुटिन् । सभापति लामिछानेज्यूको हकमा के-के गरियो छर्लंग छ ।

**पाँचौं -** सहकारी ऐनअन्तर्गतको कसुरमा ९० दिनभित्र अदालतमा अभियोग पेस गरिसक्नु पर्ने हदम्याद हुन्छ । सभापति लामिछानेज्यूविरुद्ध २०८० माघ २२ गते जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाहेरी परेको दाबी गरियो । त्यो दाबी सत्य नै थियो भने, त्यसको ९० दिनभित्र अर्थात २०८१ को जेठ १० गतेभित्र अनुसन्धान सकेर जिल्ला अदालतमा मुद्दा लगिसक्नु पर्थ्यो । अनुसन्धानका लागि भन्दै २०८१ कात्तिक २ गते पक्राउ गरिएकोमा ८४ दिन हिरासतमा राखेर २०८१ पुस ७ गते मात्रै कास्की जिल्ला अदालतमा मुद्दा दर्ता गरियो । कानूनमा तोकिएको हदम्याद नाघेर मुद्दा दर्ता गर्नु देवानी र फौजदारी कानूनको मान्य सिद्धान्तविपरीत त थियो भने विशिष्टीकृत कानून (सहकारी ऐन)मा हदम्यादको व्यवस्था हुँदा-हुँदै सामान्य कानुन (मुलुकी अपराधसंहिता २०७४ को दफा २४९, अनुसार) बमोजिम मुद्दा चलाइनु व्याख्यात्मक कानूनको सिद्धान्त प्रतिकूल पनि थियो ।

**छैठौं -** चैत २२ गते उच्च अदालत तुलसीपुर (बुटवल) इजलासले रवि लामिछानेलाई थुनामै पठाउने निर्णय गऱ्यो साँझ साढे सात बजेतिर । त्यसको केही मिनेट नबित्दै पक्राउ गर्न सभापति लामिछानेज्यूको घर पुगेको प्रहरीले ज्यादती मात्रै गरेन, 'अन्तिम इच्छा' नै सोध्यो । चैत २२ गते पक्राउदेखि चैत २५ गते जिल्ला अदालत, रुपन्देहीमा नबुझाउँदासम्म प्रहरीले तीन थरी बेहोराका फरक-फरक पूर्जी दिएर कानूनी शासनकै उपहास गऱ्यो ।

नेतृत्वको व्यक्तिगत मुद्दाले पार्टीको वैचारिक राजनीतिक/एजेण्डालाई ओझेलमा पार्न थाल्यो र पार्टी नै व्यक्तिवादी चिन्तनले ग्रस्त हुन लाग्यो भने हामीले वैकल्पिक उपायको

खोजी गर्नुपर्छ । तर, अहिले हामी यि दुवै अवस्थामा छैनौं । त्यसैले, पार्टी स्थापना गर्ने सभापतिज्यूविरुद्धका मुद्दा-मामिलामा राजनीतिक र कानूनी प्रतिवादको निरन्तरता हाम्रो स्वभाविक र आवश्यक निर्णय हो ।

सभापतिज्यूविरुद्ध तत्कालीन सरकारले राजनीतिक प्रतिशोध साँध्यो भन्ने हाम्रो तर्क र तथ्यसहितको दावीमा आमजनताले पनि समर्थन गर्नुभएको प्रष्ट उदाहरण हो, हस्ताक्षर अभियान । अभियानमा करिब ४० लाख हस्ताक्षरकर्ताले तत्कालीन सरकारले लामिछानेज्यू विरुद्ध गरेको चरम अन्यायविरुद्ध आवाज मात्रै उठाएनन उहाँको कानूनी प्रक्रियालाई तत्काल अगाडि बढाउन दवाव पनि दिए । हस्ताक्षर अभियानमा जनताले अपार अपनत्व लिए पनि हामीले त्यसलाई संस्थागत गर्न सकेनौं कि ? कतै हामीले नै प्रमाणित तथ्यलाई स्थापित र विस्तार गर्न प्रयाप्त गृहकार्य गर्न सकेनौं कि ? हिजोको प्रतिशोधी सरकारलाई जेन-जी आन्दोलनले अपदस्त गरिसकेको छ । सभापति रवि लामिछानेज्यूले कानूनी प्रक्रियामा सहयोग गरिरहँदा वर्तमान सुशीला कार्की नेतृत्वको सरकार पूर्ववर्ती सरकारको प्रतिशोधी भावना र कर्मविरुद्ध कत्तिको उभिन्छ र निर्णय गर्छ, हामी त्यसको प्रतीक्षामा छौं । अर्कोतर्फ, न्यायिक प्रक्रिया हिजोको जस्तो दवावका कारण प्रभावित र सुस्त बनाइने छैन भन्नेमा हामी विश्वस्त छौं । सरकार परिवर्तन भए पनि राजनीतिक प्रतिशोधको निरन्तरता र अदालती प्रक्रियामा अनावश्यक बिलम्ब गरिएको शंका उत्पन्न हुँदा हाम्रो खबरदारीले फेरि निरन्तरता पाउने छ ।

### (ग) पार्टी 'रिफर्म'को आवाज र यथार्थ

एक जीवन्त राजनीतिक पार्टी सधैं रिभ्यू (Review), स्वीकार (Realization) र रिफर्म (Reform) प्रक्रियाबाटै अगाडि बढ्छ । यीनै प्रक्रियाको अवलम्वनले नै पार्टीलाई स्वस्थ र जीवन्त बनाउँछ । यसका विधि/प्रक्रिया पार्टीको विधानले पनि निर्दिष्ट गरेको छ । समयसापेक्ष रुपमा विधि/प्रक्रिया पनि परिवर्तन गर्नुपर्ने हुन सक्छ । रास्वपा चालीस महिनाको पार्टी हो, यामे सदैं गरेको । हामी गर्दै र सिक्दैको क्रममा छौं । यसक्रममा हामीले हाम्रो विधान, संगठनात्मक संरचना एवं पार्टी सञ्चालन प्रक्रिया तथा संगठनको विभिन्न तहमा नेतृत्व परिवर्तन, जिम्मेवारी हेरफेर र थपघटका कार्य पनि गर्दै आएका छौं । पार्टीका समितिहरुलाई समावेशी बनाउने प्रक्रिया निरन्तर महत्व र प्राथमिकतामा छ । हामी पुराना पार्टीहरु जस्तो पूरै भत्काएर नयाँ 'रिफर्म' गर्नुपर्ने अवस्थामा छैनौं । हामी त पार्टी निर्माणकै क्रममा छौं । चौतर्फीरुपमा योजनाबद्ध तरिकाले मूलमूल नेतृत्वमा प्रहार गरी पार्टीलाई नै सकाइदिने योजनालाई बुझ्न सकेनौं भने हामीले पनि हाछौं र जनतालाई पनि हराउँछौं । त्यसैले अहिले नेतृत्वहरुलाई विस्थापित होइन, स्थापित गर्ने समय हो ।

व्यक्तिगत रुपमा सबैका कमजोरी (मानवीय र प्रवृत्तिगत) हुन्छन् । त्यस्ता कमजोरी मेरा पनि छन् र तपाइंका पनि । हामी नेतृत्वमा रहने सबैका सीमा छन् । ज्ञानको, सोचाईको, अनुभवको, चरित्रको, स्वभावको । त्यसैले हामीले सामुहिक नेतृत्वको अभ्यास गरिरहेका छौं । तर, हामीले आफूलाई सर्वगुण सम्पन्न र अर्को गुणहीन सम्झेर 'रिफर्म'को योजना बनायौं भने राजनीतिक र समाजशास्त्रीय हिसाबमा कच्चा बुझाइ हुनेछ । र, ठीक काम बेठीक समयमा गरिंदा 'रिफर्म'को नाममा प्रतिगमन (Regression) हुन सक्छ भन्ने कुरामा पनि हामी सचेत हुनुपर्छ ।

'रिफर्म' नीति-विचार (राजनीतिक दृष्टिकोण), विधान (सांगठनिक संरचना) र मूल्य-मान्यता (कार्यशैली) मै हो कि, केही पद र व्यक्तिहरुको व्यवस्थापनका लागि मात्र भन्ने कुरामा पनि स्पष्ट हुन आवश्यक छ । जिम्मेवारी हेरफेर र पदपुर्ति मात्रै हो भने ति 'रिफर्म'का विषय होइनन्, नियमित अभ्यासका हुन् ।

**प्रतिनिधि मित्रहरु,**

आग्रह-पूर्वाग्रह र व्यक्तिगत महत्वकांक्षाको लेपन नलगाई खुला र हार्दिक छलफल गर्न सक्यौं भने मात्र हामीले पार्टीलाई नयाँ रफ्तारमा अगाडि बढाउन सक्छौं । मैले माथि उल्लेख गरेका समस्यालाई च्यापेर वा लुकाएर पार्टी अगाडि बढ्न सक्दैन । अनि, 'रिफर्म'का नाममा भइरहेका सबै तर्क र गतिविधिको अपनत्व लिएर पनि पार्टी अगाडि बढ्न सक्दैन ।

'रिफर्म' नीति-विचार (राजनीतिक दृष्टिकोण), विधान (सांगठनिक संरचना) र मूल्य-मान्यता (कार्यशैली) मै हो कि केही पद र व्यक्तिहरुको व्यवस्थापनका लागि मात्र भन्ने प्रश्न पनि उठेको छ ।

- पार्टीमा पदहरू थपघट गरेर 'रिफर्म' गर्न खोजिएको हो भने, त्यसअघि विधान संशोधन गर्नुपर्ने हुन्छ । विधानको प्रावधान विपरीत कुनै पनि परिवर्तन संभव हुन्न । होइन, रिक्त रहेका पदहरुमा जिम्मेवारी पाऊं भन्ने हो भने छलफल गरौं ।
- पार्टीका पदाधिकारी नै परिवर्तन गर्ने कुरा हो भने, त्यसका लागि महाधिवेशन नै पर्खिनुपर्छ । पहिलो महाधिवेशन नै सम्पन्न नभइसकेको अवस्थामा कसरी र कुन ढाँचामा भन्ने प्रष्टता बिना 'रिफर्म'को नाराले सार्थक परिणाम दिँदैन ।
- यस बिस्तारित बैठकले पनि पार्टीमा संरचनात्मक फेरबदल गर्न सक्दैन । तर, बिधानको धारा ८७ को असाधारण प्रयोगबाट केन्द्रीय समितिले आह्वान गरेको विस्तारित बैठकले केन्द्रीय समितिलाई नै सुझाव दिने उद्देश्य राखेको चाहिँ बुझ्नु पर्छ ।

त्यसैले, आग्रह-पूर्वाग्रह, व्यक्तिगत महत्वकांक्षा वा क्षणिक आत्मसन्तुष्टिका लागि होइन पार्टी 'रिफर्म'बारे हामीले निरन्तर पार्टीका सबै संरचनामा गम्भीर र सार्थक बहस चलाउनु पर्छ । म आग्रह गर्दछु, पार्टी 'रिफर्म'बारे कुनै प्रस्तावको मस्यौदा बनाइएको छ भने ल्याउनुस्, महाधिवेशनसम्म पार्टीभित्र खुला छलफल गरौं । पार्टी 'रिफर्म' गर्नुपर्छ र पार्टीमा चर्चित व्यक्ति/व्यक्तित्वलाई भित्र्याउने वातावरण बनाउनुपर्छ भन्ने जायज कुरामा शतप्रतिशत सहमत हुँदा-हुँदै पनि 'रिफर्म' वा 'स्वागत'को बहानामा मूल नेतृत्व नै आयात गर्नुपर्ने अघोषित नीति र त्यहीअनुसारको प्रचारबाजी चाहिं स्वीकार्य हुन सक्दैन । लोकतान्त्रिक पार्टी भएकाले राष्ट्र, राष्ट्रियता र जनताको हितमा पार्टीको विस्तार र सुदृढीकरणमा आउने हर प्रस्ताव स्वीकार र कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं ।

### (५) तत्कालीन केन्द्रिकृत योजना

#### (क) चुनाव तयारी

पुराना राजनीतिक दलहरु नेतृत्वको सरकारले कायम गरेको राजनीतिक विकृति-विसंगति र कुशासनको चर्को आलोचना गर्दै आएकोले मात्र होइन स्थापनाकालदेखि ति दलभन्दा फरक धारको राजनीति गर्ने र अवसर आउँदा शासकीय क्षमता पनि पुष्टि गर्ने उद्घोषका कारण आउँदो चुनाव हाम्रा लागि 'गर या मर'को हुँदैछ । त्यसैले विद्यमान संगठन, संरचना, संयन्त्र र सम्बन्धको परिचालनमा पार्टीको सम्पूर्ण तागत बढाउनुपर्ने छ । अब पुराना दल र नेतृत्वको आलोचनाले मात्र होइन, शासन-सत्ताप्रति हाम्रो प्रष्ट धारणा र त्यहाँ पुगेपछि गर्ने कामको मूर्त योजनाले मात्रै जनमत आकर्षित गर्छ भन्ने सत्य तथ्यलाई हामीले बुझ्नुपर्छ । नयाँ-नयाँ दलहरुको विश्वासमा उनीहरुसँगको सम्बन्धलाई गहिरो र सहकार्यलाई फराकिलो बनाएर परम्परागत राजनीतिक दलहरुसँग चुनावी प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्नु कम चुनौतिपूर्ण छैन । त्यस्तै, अघिल्ला पुस्ताको विश्वासलाई बरकरार राखेर नवपुस्ताको मन जितेर मत सुरक्षित गर्न पनि हामीले निकै मेहनत गर्नुपर्ने छ ।

**प्रतिनिधि मित्रहरु,**

हामीले परम्परागत भौतिक संगठन (पार्टी संरचना) लाई वडा, गाउँ, नगर समिति सँगसँगै डिजिटल माध्यमबाट पनि सदस्य/समर्थकको क्षमता विकास र उनीहरुलाई परिचालन गर्ने रणनीति बनाउनुपर्छ । संगठन निर्माण र परिचालनमा सामाजिक सञ्जालको अधिकतम उपयोग गरी जनमत सिर्जना गर्ने र स्वयम-सेवकलाई जोड्ने कार्यमा अझ बढी सक्रियता देखाउनुपर्छ ।

- रास्वपाको मुख्य आधार जेन-जी, युवा र प्रवासमा रहेकाले उनीहरूलाई संगठनमा जोड्न र परिचालन गर्न विशेष योजना र कार्यक्रम ल्याउनुपर्छ । उनीहरूको ऊर्जालाई

सकारात्मक दिशा दिनु चुनौती र अवसर दुवै हो । मुद्दागत रुपमा सबैभन्दा नजिक रहेको जेन-जी पुस्तालाई चुनावी प्रक्रिया र अभियानमा अगाडि ल्याउनुपर्छ ।

- रास्वपाको सबैभन्दा ठूलो शक्ति नै यसले स्वच्छ छवि, व्यावसायिक दक्षता र सामाजिक योगदान पुऱ्याएका व्यक्तिहरूलाई उम्मेदवार बनाउँछ भन्ने अपेक्षा र विश्वास हो । यो क्रमलाई कायम राख्दै थप योग्य र निष्ठावान व्यक्तिलाई अगाडि ल्याउनुपर्छ ।

- उम्मेदवार छनोट प्रक्रियालाई पारदर्शी र लोकतान्त्रिक बनाउनुपर्छ । उम्मेदवार छनोटमा पार्टीका सबै संरचना (वडा, पालिका, निर्वाचन क्षेत्र, जिल्ला, प्रदेश र केन्द्र) ले अपनत्व लिने वातावरण बनाउनुपर्छ । यसले पार्टीभित्र समूहगत विभाजनलाई रोक्छ भने जनस्तरमा पनि राम्रो सन्देश जान्छ ।

- समावेशीता र विविधतालाई समेट्दै महिला, युवा, आदिवासी जनजाति, मधेसी, मुस्लिम, दलितलगायतका समुदायबाट योग्य उम्मेदवारलाई अवसर दिनुपर्छ । चुनावी मुद्दा र उम्मेदवारी प्रक्रियामा जेन-जी पुस्ताको भावना, एजेण्डा र सहभागितालाई प्राथमिकता दिनुपर्छ ।

- प्रतिस्पर्धी दलहरूको आलोचना मात्र नगरी, आफ्ना नीति, कार्यक्रम र दृष्टिकोणलाई सकारात्मक तरिकाले प्रस्तुत गर्नुपर्छ । जनतासँगको संवादमा पारदर्शिता कायम गर्नुपर्छ । पार्टीका हरेक गतिविधि र निर्णयबारे जनतालाई सुसूचित गर्नुपर्छ । अब 'आलोचना होइन, योजना' भन्ने नाराका साथ अभियान सञ्चालन गर्नुपर्छ ।

- मूलधारका मिडिया र सामाजिक सञ्जाल दुवैमा पार्टीको उपस्थितिलाई सशक्त बनाउनुपर्छ । गलत सूचना र अफवाहको खण्डन गर्ने संयन्त्र बनाउनुपर्छ ।

- चुनावमा गठबन्धन गर्ने कि एक्लै लड्ने भन्नेबारे स्पष्ट रणनीति बनाउनुपर्छ । यसका फाइदा र बेफाइदाहरूको गहिरो विश्लेषण आवश्यक हुन्छ । कहिलेकाहीं गठबन्धनले पार्टीको मौलिक पहिचान गुम्ने खतरा पनि रहन्छ ।

- आफूलाई निर्विकल्प शक्तिको रुपमा उभ्याई किसान, मजदुर, युवा तथा महिलाहरु लगायत आम नेपाली जनताको समस्या हल गरी समृद्धिको यात्रालाई रफ्तारमा कुदाउन रास्वपाले समान विचार, उद्देश्य, कार्यशैली भएका अन्य साना दल, समूह वा स्वतन्त्र व्यक्तिलाई एकताबद्ध गरी नयाँ राजनीतिक ध्रुवीकरणको पहल गरिरहेको छ । र, अझ प्रभावकारी रुपमा अगाडि बढाउनु पर्नेछ ।

- नयाँ र आधारभूत सैद्धान्तिक सवालमा मिल्ने स्वतन्त्र व्यक्ति, समूह, राजनीतिक पार्टीहरुसंग निर्वाचनमा र निर्वाचनपछि सरकार गठनमा सहकार्य तथा गठबन्धन गर्न सकिनेछ भन्ने कुरा खुला राखिएको छ । तर, गठबन्धनका नाममा रास्वपाको पहिचानमा छायाँ पर्न दिइने छैन ।

हामीले बिगतका कमीकमजोरीबाट सिक्दै, आफ्नो शक्ति र कमजोरीको यथार्थपरक विश्लेषण गरी राजनीतिक, सामाजिक, आर्थिक र प्राबिधिक पक्षका सानाभन्दा साना विषयलाई ध्यानमा राखेर चुनावी तयारी गर्नुपर्छ । आउँदो चुनावमा हामीले उत्साहजनक र नेतृत्वदायी परिणाम ल्याउन सकेनौं भने देशले पुरानै दलहरुको कुशासनको भारी खेप्नुपर्छ भने तिनले जेन-जी आन्दोलनको म्यान्डेट र जनताको भावना विपरीत मुलुकलाई फेरि अस्थिरतातर्फ धकेल्नेछन् । आउँदो चुनाव प्रतिगामी र अग्रगामीबीचको निर्णायक संघर्ष रहेकाले चुनावी तयारी र परिणाममा कुनै पनि कोणबाट कमजोर हुने छुट हामीलाई छैन ।

हामीले चुनावी तयारीको सुरुवात 'मतदाता नामावली दर्ता अभियान' (११-२५) बाट थालिसकेका छौं । मतदाता नामावली दर्तामा कोही नछुट्न भन्ने अभिप्रायका साथ जारी यो अभियान केही दिन बाँकी रहेकोले पार्टीका संरचना र सदस्यहरुको सक्रियता अझै आवश्यक छ ।

### (ख) महाधिबेशन

राजनीतिक पार्टीको जीवन र आन्तरिक लोकतन्त्रको लागि आवधिक अधिवेशन/महाधिवेशन अपरिहार्य अभ्यास हो । यसको अभावले नयाँ नेतृत्वको उदयलाई रोक्छ र आन्तरिक बहसलाई कुण्ठित गर्छ । महाधिवेशन नहुँदा पार्टीको बैचारिक शुद्धीकरण र नयाँ पुस्ताको ऊर्जालाई संस्थागत गर्नमा समेत बाधा पुग्छ । यस्ता समस्या सम्बोधन गर्न पार्टीले प्रष्ट सांगठनिक योजना र समय तालिकाका साथ अधिवेशन/महाधिवेशनमा जोड दिनुपर्छ ।

सांगठनिक चुस्तता, नेतृत्व बिकास र आन्तरिक लोकतन्त्रलाई सुदृढ बनाएर समग्र पार्टीकै प्रभावकारिता बढाउन महाधिबेशनको अपरिहार्यता स्वीकार्दै २०८१ असोज १ र २ गते काठमाडौंमा भएको राष्ट्रिय भेलाले २०८२ वैशाख २५-२७ मा ऐतिहासिक पहिलो महाधिवेशन गर्ने निर्णय गरेको थियो । तर, सभापति रवि लामिछानेज्यूमाथि सोधिएको राजनीतिक प्रतिशोधका कारण त्यो मितिमा हामीले महाधिवेशन गर्न सकेनौं । लगत्तै केन्द्रीय समितिले आउँदो फागुन ७-९ मा गर्ने निर्णय गरेको थियो । तर, अप्रत्याशीत राजनीतिक परिस्थितिका कारण फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन गर्नुपर्ने बाध्यता आइलागेको छ । निर्वाचन केन्द्रित अभियानमा जुट्नु पर्ने भएकाले तोकिएको मितिमा महाधिवेशन असंभवजस्तै देखिएको छ । त्यसैले, महाधिवेशन गर्ने अर्को मिति यकिन गर्नुपर्ने छ । तर, फागुनको चुनाव सुनिश्चितताले मात्रै अर्को मिति निर्धारण गर्न सकिन्छ भन्ने लाग्छ । फागुनमा चुनाव भए लगत्तै महाधिवेशन गर्ने योजनामा यस बिस्तारित बैठकले केन्द्रीय समितिलाई मूर्त र व्यवहारिक सुझाव दिने मेरो अपेक्षा छ ।

महाधिवेशनको निर्देशले नै हामीलाई राष्ट्रिय राजनीतिमा अझ परिपक्व र जिम्मेवार शक्तिका रूपमा स्थापित गर्न मद्दत गर्छ । परिस्कृत नीति-विचार र निर्वाचित नेतृत्वको आगमनले पार्टीलाई गतिशील बनाउँछ र समयको मागअनुसार आफूलाई परिमार्जन गर्न सक्षम बनाउँछ । त्यसैले हामीले चुनाव लगत्तै महाधिवेशन गरी पार्टीलाई थप व्यवस्थित, सुदृढ र प्रभावकारी बनाउन आवश्यक छ ।

**प्रतिनिधि मित्रहरु,**

अब, नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई आर्थिक रुपान्तरण केन्द्रित बनाउनुपर्नेबारे संक्षेपमा चर्चा गर्नेछु ।

राणाकालदेखि विरासतमा प्राप्त कमजोर अर्थ-राजनीतिक संस्थाहरु एवं उत्पादन संरचनाको आधुनिक रुपान्तरण हुन नसक्दा आयातमा तीव्र वृद्धि र ठूलो व्यापार घाटा निम्त्यायो । आन्तरिक उत्पादन अप्रतिस्पर्धी र राष्ट्रिय अर्थतन्त्र थप परनिर्भर भयो । अर्थतन्त्रको सापेक्षिक खुलापन आफैंमा राम्रो भए पनि, निरन्तर आन्तरिक क्षमताको विकास र आवश्यक नीतिगत/संरचनागत सुधारको अभावमा नेपालको आर्थिक विकासले फड्को भने मार्न सकेन । जसले गर्दा भूराजनीतिक निर्भरता अब आर्थिक निर्भरतामा रूपान्तरण भएको छ, जहाँ अर्थतन्त्र रेमिट्यान्स (श्रम निर्यात) र वस्तु आयातमा अत्यधिक रूपमा आश्रित छ । यस चक्रलाई तोड्नका लागि वृहत्त आन्तरिक सुधार र बाह्य अनुकूलताको 'सिनर्जी' आवश्यक छ ।

यस परिवेशमा राष्ट्रिय स्वतन्त्र पार्टीको भूराजनीतिक (Geopolitical) तथा परराष्ट्र नीतिको केन्द्रीय लक्ष्य नेपालको दिगो आर्थिक वृद्धि र सम्पूर्ण नेपालीको समावेशी समृद्धि हासिल गर्नु हो ।

पार्टीको प्रस्तावनाले आत्साथ गरेको 'विश्वभर फैलिएका नेपालीको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्वलाई आत्मसाथ गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्नु नै राष्ट्रिय स्वतन्त्र पार्टीको अभिष्ट रहनेछ' भन्ने मान्यतालाई अनुसरण गर्दै सच्चा राष्ट्रिय स्वाभिमान बलियो र स्वावलम्बी अर्थतन्त्रबाट मात्र सुरक्षित गर्न सकिन्छ भन्ने विश्वास राख्दछ ।

हामी असंलग्नता (Non-alignment) र पन्चशीलका सिद्धान्तमा आधारित आधारभूत मान्यतालाई अनुसरण गर्दै स्वतन्त्र परराष्ट्र नीतिलाई आर्थिक हित प्रवर्द्धन गर्ने माध्यमका रूपमा प्रयोग गर्नेछौं । हाम्रो नीति सामाजिक न्यायसहितको उदार अर्थव्यवस्थामा आधारित रहनेछ ।

रास्वपाको भूराजनीतिक रणनीतिलाई सम्पूर्ण नेपालीका लागि रोजगारी सिर्जना, प्रविधि हस्तान्तरण (Technology Transfer) र उच्च निर्यातमुखी उत्पादनमा केन्द्रित गरिनेछ। यसका लागि विश्वभर छरिएका नेपाली (एनआरएनए)को वित्तीय सामर्थ्य र विज्ञतालाई राष्ट्रको आर्थिक विकासको प्राथमिक स्रोतको रूपमा परिचालन गरिनेछ। वैदेशिक ऋणमाथिको परनिर्भरता घटाउन एनआरएनएको लगानीलाई विशेष प्रोत्साहन दिइनेछ। साथै, एनआरएनए नागरिकतामा रहेका सम्पत्तिसम्बन्धी कानूनी अड्चनहरू तत्काल हटाई स्वदेशमा लगानी र व्यावसायिक सहभागिताका लागि सहज वातावरण सिर्जना गरिनेछ।

यसबाहेक वैदेशिक लगानी (FDI) लाई केवल पुँजीको रूपमा मात्र नभई, उत्पादनशील रोजगारी सिर्जना गर्ने, प्रविधि हस्तान्तरण गर्ने र निर्यात बढाउने प्रमुख औजारका रूपमा भित्र्याइनेछ। विशेष गरी रोजगारी सिर्जनाका लागि दिगो पर्यटन र उच्च मूल्यका कृषि उत्पादन (High Value Agriculture) मा प्रविधि र लगानी केन्द्रित गरी निर्यात बढाउने आर्थिक कूटनीतिमा राष्ट्रिय स्वतन्त्र पार्टीको विशेष जोड रहनेछ।

जलविद्युतको रणनीतिक उपयोगले नेपाललाई परम्परागत निर्भरताबाट शक्ति उत्पादक (Power-Producer) राष्ट्रको रूपमा स्थापित गर्न सक्छ। भौगोलिक कमजोरीको बावजुद ऊर्जा उत्पादन क्षमताको सही प्रयोगले हरित औद्योगिकीकरण एवं क्षेत्रीय पारस्परिक आर्थिक निर्भरताको सिर्जना गर्न सक्छ, जसले परनिर्भरताको मनोवैज्ञानिक चक्रलाई तोड्दै सहकार्य र सह-अस्तित्वसहितको बलियो राष्ट्रिय मनोबल र समृद्धिको आधारशिला निर्माण गर्नेछ।

**प्रतिनिधि मित्रहरु,**

अब, म आर्थिक योजनाबारे केही चर्चा गर्छु।

**(ग) आर्थिक व्यवस्थापनः**

पार्टीको सञ्चालन, व्यवस्थापन, सुदृढीकरण, निरन्तरता र जनविश्वासको मूल आधार त्यसको आर्थिक अवस्था र व्यवस्थापन प्रणाली हो। पारदर्शी उत्तरदायी र दीगो वित्तीय संयन्त्रले मात्रै पार्टीलाई आत्मनिर्भर बनाउँछ। बाह्य प्रभावबाट स्वतन्त्र रहन मद्दत गर्छ।

सदस्यता शुल्क, दान, सहयोग र कार्यक्रमगत योगदानजस्ता स्रोत योजनाबद्ध रूपमा परिचालन गरी लेखापरीक्षण र प्रतिवेदन प्रणाली सुदृढ गर्नु नै सुशासनको आधार हो।

राजनीतिक सक्रियता र संगठनात्मक अभियानसँगै आर्थिक सुदृढता पनि पार्टीको अस्तित्व र प्रभावकारिताको मेरुदण्ड हो भन्ने बुझाईका साथ संगठन

र अर्थ दुवैलाई समानान्तर रूपमाअघि बढाउन सकिएन भने हाम्रो उद्देश्य केन्द्रित हुन सक्दैनौ ।

पार्टीको हालसम्मको आय-व्यय अभिलेख व्यवस्थित रूपमा राखिएको छ । केन्द्रदेखि स्थानीय समितिसम्मले आम्दानी र खर्च बैंकिङ प्रणालीबाट गरिरहेका छन् । वार्षिक लेखापरीक्षण सम्पन्न गरी महाधिवेशनमा आर्थिक प्रतिवेदन प्रस्तुत गरिनेछ ।

**आर्थिक स्रोत संकलन र व्यवस्थापनको मार्गदर्शनः**

- **वैधानिकताः** राजनीतिक दलसम्बन्धी ऐन/नियमावली र निर्वाचन आयोगका निर्देशिकाको पूर्णपालना
- **पारदर्शिताः** आम्दानी/खर्च भएको प्रत्येक रुपैयांको अभिलेख, लेखापरीक्षण र सार्वजनिकीकरण
- **सहभागिताः** देशभित्र र विदेशमा रहेका सबै सदस्य, समर्थक र शुभेच्छुकबाट योगदान
- **सम्मानः** योगदान गर्ने सबै व्यक्तिको नामसहित सम्मान र सार्वजनिक प्रशंसा

पार्टी सञ्चालन खर्चको मुख्य स्रोत लेवी, चन्दा, सहयोग नै हो । जुन अपर्याप्त छ । प्रदेश र स्थानीय पार्टी समितिले खर्चको व्यवस्थापन आफै गरिरहेका छन् ।

**पारदर्शिता र उत्तरदायित्वः**

- वार्षिक वित्तीय प्रतिवेदन वेवसाइट र सामाजिक सञ्जालमा प्रकाशन । नगद वा वस्तु दुवैका सहयोगीहरूको नाम, स्थान र मितिसहितको अभिलेख ।
- सहयोगीहरुलाई जानकारी गराई उनीहरुको स्वीकृतिमा अनुमति प्राप्त लेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण । डिजिटल बहीखाता प्रणाली (रसिदसहित) को प्रयोग । पहिचान र अनुगमन गर्न नसकिने वा गोप्य सहयोग निषेध । स्वार्थ पूर्ति र स्वार्थ बाझिने खालका सहयोग अस्वीकार ।

**कोष संकलन र परिचालनमा सिकाइ, चुनौती र अवसरः**

**सिकाइः** पारदर्शिता, सम्मान र प्रशंसाले यस्ता अभियान सफल बनाउँछ र आगामी अभियान सञ्चालन गर्न सहयोग र हौसला मिल्नुका साथै जनसहभागिता बढ्नेछ । आर्थिक व्यवस्थापन विभागमा सदस्यहरु थप गर्नुका साथै विभागलाई थप क्रियाशिल बनाउन आवश्यक छ ।

**चुनौती:** आर्थिक स्रोत जुटाउनु आफैमा चुनौपूर्ण काम हो । चन्दा संकलनका क्रममा सानातिना कमजोरी र गल्तीहरुले विश्वास घट्न सक्छ ।

**अवसर:** प्रविधिको प्रयोग, प्रवासी नेपालीको संलग्नता र सांस्कृतिक अभियानहरूबाट नयाँ स्रोत सुनिश्चित गर्न सकिन्छ ।

**अभियानमा आधारित कोष (Campaign Based Fund) अवधारणा:**

- देश र विदेशमा रहेका पार्टी सदस्य र शुभेच्छुक लक्षित डिजिटल दान पोर्टल सञ्चालन, 'पार्टी पिलर' अभियान कार्यान्वयन ।
- उप-कोषहरू (महिला, युवा, नीति अनुसन्धान, निर्वाचन, RAT) आदि सञ्चालन
- प्रत्येक वर्ष एकदिनको श्रमदान सप्ताह कार्यक्रम
- सहयोगीहरूको नाम र योगदान रकम सार्वजनिकीकरण

**प्रतिनिधि मित्रहरु,**

पछिल्लो परिस्थितिमा हाम्रा राजनीतिक दृष्टिकोण, तत्कालीन कार्यभार, चुनावी अवधारणा र एजेण्डा, पार्टीको आन्तरिक जीवन र तत्कालीन केन्द्रिकृत योजनाबारे मैले संक्षेपमा चर्चा गरे । जसको सार रास्वपाको विस्तार, शुद्धीकरण र सुदृढीकरण नै हो । राजनीतिमा नवीन सोच, जवाफदेहिता र युवा प्रतिनिधित्व बढाउन, पुराना राजनीतिक शक्तिलाई प्रतिस्पर्धाको चुनौती दिन, विकास र समृद्धिको एजेन्डालाई प्राथमिकतामा राख्न तथा जनताको आवाज र सरोकारलाई निरन्तर बुलन्द गरिराख्न रास्वपालाई नेपाली राजनीतिको महत्त्वपूर्ण र नयाँ मुलधारको शक्ति बन्न आवश्यक छ । त्यसतर्फ हामी सबैको सकारात्मक र सक्रिय योगदान मात्रै काफी छैन, हाम्रो परिवारमा योग्य, सक्षम र जनप्रिय व्यक्तिहरुको प्रवेश पनि अति आवश्यक छ । त्यसका लागि पनि हामीले छुट्टै अभियान सञ्चालन गर्नुपर्छ ।

प्रतिवेदनमा यथार्थ चित्रण गर्ने क्रममा माथि मैले केही तीता कुरा पनि उल्लेख गरे होला । त्यसलाई मेरो स्वभाविक बाध्यताका रुपमा ग्रहण गर्नुहुन आग्रह गर्छु ।

**प्रतिनिधि मित्रहरु,**

रास्वपाको यो यात्रा साँच्चिकै प्रेरणादायी छ । स्थापनाको ६ महिनामा चौथो शक्ति बन्नु, तीन वर्षमा देशभर सञ्जाल विस्तार गर्नु र विदेशमा रहेका लाखौं नेपालीको मन जित्नु सामान्य कुरा होइन । यो तपाईं-हाम्रो अथक मेहनत, त्याग र जनताको अगाध विश्वासको प्रतिफल हो ।

हिजो थोरै संख्या र सीमित स्रोत-साधन हुँदा त हामीले यति ठूलो फड्को मार्‍यौं भने, आज हामीसँग विशाल संख्या छ, जसले हाम्रो शक्ति बढाएको छ । यो शक्तिले हाम्रो सामर्थ्यलाई अझ मजबुत बनाएको छ । हामी परिपक्व र परिष्कृत हुँदै जाँदा जनसमर्थनको आकार पनि निरन्तर फराकिलो भइरहेको छ ।

हामीले आफ्नै पौरखमा यो पार्टीलाई हुर्काएर विशाल वृक्ष बनाउँदै छौं । यसलाई देशकै एक नम्बरको पार्टी बनाउने तागत पनि हामीभित्रै छ । हाम्रो दृढ संकल्प, निरन्तरको प्रयास र जनतासँगको अटुट सम्बन्ध नै हाम्रो सबैभन्दा ठूलो शक्ति हो । त्यसैले, आत्तिनुपर्ने वा निराश हुनुपर्ने कारण छैन । हामीले आलोचना र निन्दालाई हाम्रो शक्तिको बढोत्तरीको परिणाम मान्नुपर्छ ।

बरु, अब पहिलेभन्दा अझ बढी ऊर्जाका साथ अगाडि बढ्ने बेला आएको छ । हामीले देखेको सपना, जनताले राखेको आशा र परिवर्तनको यो अभियानलाई सार्थक बनाउन हामी एकढिक्का भएर लाग्नुपर्छ । हामीसँग स्पष्ट भिजन छ, सक्षम नेतृत्व छ र सबैभन्दा महत्पूर्ण कुरा, जनताको अपार साथ छ । यी सबैलाई समेटेर अगाडि बढ्न सके, नेपालको राजनीतिमा नयाँ आयाम थपिनेछ र रास्वपा देशकै अग्रणी मूलधारको नयाँ शक्तिको रूपमा स्थापित हुनेछ ।

राष्ट्रिय स्वतन्त्र पार्टीलाई छोटो समयमै नेपाली राजनीतिको अग्रपंक्तिमा ल्याउन अतुलनीय योगदान पुर्‍याउने सम्पूर्ण नेताहरू, संगठनमा खटिने कर्मठ सदस्यहरू, देश तथा विदेशमा रहेर निरन्तर साथ दिने शुभेच्छुक, साथै पार्टीले समय-समयमा सञ्चालन गरेका विभिन्न अभियानहरूमा सक्रियतापूर्वक सहभागी भई अमूल्य समय र ऊर्जा प्रदान गर्ने सम्पूर्ण महानुभावप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । उहाँहरुको अथक प्रयास, दृढ संकल्प र निःस्वार्थ सहयोगबिना यहाँसम्मको यात्रा पनि संभव नै थिएन । उहाँहरुकै साथ, समर्थन र सक्रियताले रास्वपाले नयाँ वैकल्पिक राजनीतिक शक्तिको रूपमा आफूलाई स्थापित गर्न सफल भएको छ । र, सुशासन, पारदर्शिता र विकासको एजेन्डामा जनभावनाको प्रतिनिधित्वका साथ अगाडि बढेको छ । सीमित कमिकमजोरीलाई सच्याएर रास्वपालाई वैकल्पिक होइन निर्विकल्प राजनीतिक शक्तिका रुपमा उभ्याउने हाम्रो दृढतामा सबै पक्षबाट सकारात्मक प्रतिक्रिया र सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**प्रतिनिधि मित्रहरू,**

अन्त्यमा, यस प्रतिवेदनलाई परिमार्जन र परिस्कृतसहित समृद्ध बनाउन यहाँहरुबीच व्यापक र गहन छलफल हुने अपेक्षा राखेको छु । साथै, परिस्थितिजन्य कारणले पार्टीको मूल नेतृत्व अनुपस्थित रहँदा कार्यवाहक सभापतिका रुपमा मैले लिएका निर्णय र गरेका काम-कारबाहीबारे समेत आलोचनात्मक चेतसहितको टिप्पणी वा सुझावको अपेक्षा गरेको छु । पार्टीलाई स्पष्ट दिशानिर्देश गर्न यो विस्तारित बैठक पूर्ण सफल हुने र यहाँहरू थप उत्साहित भएर आफ्नो जिम्मेवारी पुरा गर्न लाग्नुहुने अपेक्षाका साथ प्रतिवेदन टुंग्याउछु ।

धन्यवाद, जय घण्टी ।

कात्तिक २१, चितवन

# राष्ट्रिय स्वतन्त्र पार्टी

## प्रस्तावना

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सबै नेपालीको समतामूलक उन्नतिप्रति कटिबद्ध सामाजिक न्यायसहितको उदार अर्थतन्त्रमा विश्वास गर्ने बहुलवादी लोकतान्त्रिक पार्टी हो ।

यसको ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासनमार्फत् समन्यायिक समावेशी समाज निर्माण गर्नु हो ।

लोककल्याणकारी राज्यको सुनिश्चितताका लागि सार्वजनिक, निजी र सामुदायिक स्रोत-साधनको दिगो परिचालन गर्दै उद्यममैत्री, लगानी-अनुकूल एवं प्रतिस्पर्धात्मक सामाजिक बजार अर्थतन्त्रको उन्नयनका लागि स्वच्छ र सुदृढ नियमनकारी संरचना बनाई राष्ट्रिय आय र रोजगारीको विस्तार, श्रमप्रति समर्पित सामाजिक पूँजीको अभिवृद्धि र जलवायु-पर्यावरणीय सन्तुलन कायम गर्न यो पार्टी सर्वात्मना प्रतिबद्ध छ ।

शान्तिपूर्ण मार्गबाट नै समाजवादका प्रधान लक्ष्यहरु हासिल गर्ने कुरा संविधानमा निर्दिष्ट गरी तदनुकूल राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित राज्य संचालनको अठोटलाई संवैधानिक समाजवादका रुपमा व्याख्या गर्दै अप्रिय ऐतिहासिक विरासतका रुपमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय, क्षेत्रीयलगायत सबै प्रकारका संरचनात्मक विभेदहरुविरुद्ध निर्णायक प्रहार गर्न अवसरहरुको न्यायिक वितरण, पहुँच र उपयोग गर्नेतर्फ यो पार्टीले जोड दिनेछ ।

नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सह-अस्तित्व र पारस्परिक सम्मान, विश्वभर फैलिएका नेपालीहरुको सामूहिक सामर्थ्य र एसियाको उदाउँदो भूराजनीतिक महत्वलाई आत्मसात् गर्दै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्नु नै राष्ट्रिय स्वतन्त्र पार्टीको अभीष्ट रहनेछ ।

मंसिर १२, २०८०
जलेश्वर, महोत्तरी

# प्रस्तावनाको संक्षिप्त व्याख्या

१. **लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली नेपालको राजनीतिक विकासको मौलिकता र विश्व राजनीतिको ऐतिहासिक विकासक्रम दुबैसँग गाँसिएकोले यसको सुदृढीकरणबाहेकको विकल्प अहिले हामीसँग छैन ।**

नेपालको लोकतान्त्रिक पहलकदमी मौलिक त छ नै, यसलाई दोस्रो विश्वयुद्धपछि फैलन सुरु भई शीतयुद्धको अन्त्यसँगै आएको विश्वव्यापी लोकतान्त्रिकीकरणको तेस्रो लहरको अंशका रुपमा पनि बुझ्न सकिन्छ । पूर्वी युरोपदेखि ल्याटिन अमेरिकासम्म विश्वका विभिन्न भागहरूमा अधिनायकवादी शासनको क्रमिक पतनले ल्याएको वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिले व्यक्तिगत तहमा र समन्यायको आदर्शले सामाजिक तहमा आकर्षण बढाएको छ । विधिको शासन, जवाफदेहिता, व्यक्तिगत स्वतन्त्रता र अधिकारको संरक्षणमा आधारित शासन प्रणालीको आवश्यकताबोधले लोकतन्त्र सम्बन्धी राष्ट्रिय बहस सधैं राजनीतिको केन्द्रमा रहिरहेको छ । विक्रम संवत २००५ सालताका 'महाराजधिराजको अधिनायकत्वमा उत्तरदायी शासन' को खोजीको रुपमा अघि बढेको नेपालको लोकतान्त्रिक शासन प्रणालीतर्फको यात्रा परिवर्तनकारी घटनाहरूको लामो शृंखलाद्वारा सिञ्चित हुँदै आएको छ ।

यो देशले १०४ वर्षसम्म जहानियाँ निरंकुश राणा शासन भोग्यो, जतिबेला मुलुक र जनतालाई बाहिरी संसारबाट अलग-थलग गर्दै राजनीतिक स्वतन्त्रता पूर्णतः बन्देज गरिएको थियो । २००७ सालमा राणाहरूको पतनपछि राजतन्त्रलाई संवैधानिक बनाई २०१५ सालमा पहिलो जननिर्वाचित प्रधानमन्त्रीसहितको संसदीय अभ्यासमा मुलुक गयो, तर त्यसलाई टिक्न दिइएन । २०१७ सालमा अपहरित प्रजातन्त्र तत्कालीन प्रतिबन्धित दलहरुको लामो त्याग, संघर्ष र जनआन्दोलनबाट २०४६ सालमा मात्र पुनःस्थापित भयो । तर प्रजातान्त्रिक व्यवस्थाले राजनीतिक स्वतन्त्रता दिए पनि अक्षम्य कुशासनका कारण जन-असन्तुष्टि मौलाउँदा एक दशकभित्रै माओवादीको सशस्त्र विद्रोहले देशव्यापी रुप ग्रहण गर्‍यो भने २०६१ सालमा राजाले पुनः संसद भङ्ग गरी शासन आफ्नो हातमा लिए । २०६३ सालमा सशस्त्र द्वन्द्वको अन्त्य गर्दै विस्तृत शान्ति सम्झौता गरिएपछि मुलुक नयाँ संविधानमार्फत समानुपातिक समावेशितासहितको लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नेतर्फ अग्रसर भएको हो । नयाँ संविधानका धाराहरुमै टेकेर राष्ट्रिय स्वतन्त्र पार्टीले वैधानिक हैसियत बनाएकोले लामो राजनीतिक संघर्षबाट प्राप्त उपलब्धिका रूपमा समन्यायिक समावेशी समाज निर्माणको अवधारणालाई आत्मसात् गरिएको छ ।

## २. जवाफदेहीपूर्ण असल शासनको विधिमा बाँधिएर नै समुन्नतिको यात्रा तय हुनेछ भने समन्वयात्मक समावेशिताको सार्थक अभ्यास लोकतन्त्रको वैधताका लागि अपरिहार्य छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी लोकतन्त्रका दुई पाटाहरुलाई उन्नत अभ्यासमा उतार्न चाहन्छ। पहिलो, शासकीय शक्तिको संग्रह र उपयोग गर्न आवधिक निर्वाचनबाट संसद र सरकार बनाउने । दोस्रो, विधिको शासनमार्फत शासकीय शक्तिको सीमा तोक्ने । राष्ट्रिय स्वतन्त्र पार्टी कानूनबाट शासन गर्ने होइन, कानूनको शासनमा आधारित व्यवस्थामा विश्वास गर्छ, जहाँ कानूनहरू निष्पक्ष र निरन्तर रूपमा लागू हुन्छन् र कोही पनि कानूनभन्दा माथि हुँदैन । किन्तु, कानून सत्तापक्षीय होइन, जनपक्षीय बन्नु पर्छ, यसले नागरिक र राज्यबीच विश्वास स्थापित गर्न मद्दत गर्दछ भन्ने पार्टीको मान्यता हो । राष्ट्रिय स्वतन्त्र पार्टीका लागि जवाफदेही शासन भनेको सार्वजनिक अधिकारीहरू र संस्थाहरू आफ्ना कार्य र निर्णयहरूका लागि जनताप्रति उत्तरदायी छन् भनी सुनिश्चित गर्नु हो, जसका लागि स्वतन्त्र संचार जगत्, स्वतन्त्र न्यायपालिका तथा स्वतन्त्र नागरिक समाजजस्ता विषय साथै पारदर्शिता, खुला सरकार र बलियो संयन्त्र आवश्यक पर्नेछन् । व्यक्तिगत स्वतन्त्रता र मौलिक अधिकारको रक्षा एवं सम्वर्द्धनमा कसैसँग सम्झौता नगर्ने हाम्रो दृढता छ । राज्य र नागरिकबीचको करार द्विपक्षी बनाउन हक-अधिकारसँगै राष्ट्रप्रति नागरिकका पनि धेरै दायित्व र कर्तव्य हुनेछन् भन्नेमा पनि पार्टी स्पष्ट छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी नेपालको मौलिक ऐतिहासिक सन्दर्भको आलोकमा लोकतान्त्रिक समावेशी भविष्यका लागि संविधानको मर्म र आकांक्षा पूरा गर्दै विश्वव्यापी लोकतान्त्रिक आदर्शहरूको उचाइसँग तादात्म्य स्थापित गर्न कटिबद्ध छ । यसले कानून, जवाफदेहिता र समावेशितामा आधारित शासन प्रणालीको प्रवर्द्धन गर्दै नेपालको चलिरहेको लोकतान्त्रिक यात्रामा समन्यायिकतातर्फको परिवर्तनको वाहक शक्तिका रूपमा आफूलाई स्थापित गर्दै आएको छ, र वैयक्तिक स्वतन्त्रताको संरक्षण, मौलिक हकको प्रत्याभूति भएको समाज निर्माण गर्न लागिपरेको छ । हाम्रो कल्पनाको शासन व्यवस्थाले राजनीतिक रुपमा उदार-लोकतान्त्रिक, सामाजिक रुपमा समन्यायिक-समावेशी र आर्थिक रुपले समृद्ध-समुन्नत समाज बनाउन मद्दत पुग्ने अठोट राखेको छ ।

शताब्दियौंसम्म नेपाली समाज पदश्रृंखलामा आधारित सामाजिक संरचनाहरूद्वारा बाँधिएको थियो, जहाँ केही जातिले विशेषाधिकार पाएका थिए भने अरु धेरै सीमान्तीकृत थिए । यसले निम्त्याएको गहिरो सामाजिक - आर्थिक - राजनीतिक असमानता आजसम्म कायम छ । राष्ट्रिय स्वतन्त्र पार्टी यी

ऐतिहासिक अन्यायहरूलाई निमिट्यान्न पार्न कटिबद्ध छ जहाँ जात, लिङ्ग, पेशा, धर्मजस्ता आधारमा कुनै पनि किसिमको भेदभाव नगरी सबै नागरिकको अवसर, स्रोत र राजनीतिक प्रतिनिधित्वमा समान पहुँच सुनिश्चित गरिनेछ । त्यस्तै, समावेशिता र समन्यायमा दिइएको जोडले नेपालको आफ्नै मौलिक र सनातन सामाजिक, धार्मिक, सांस्कृतिक सभ्यताको प्रवर्द्धन गर्छ भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीको मान्यता रहेको छ । बहुलवाद र विविधता सहिष्णु सनातन सभ्यताकै अंशका रूपमा छन् भने यी स्थानीय मूल्यहरू मानव अधिकार, लोकतन्त्र र सुशासनका विश्वव्यापी सिद्धान्तहरूसँग पनि एकाकार हुन्छन् भन्ने पार्टीको मत रहेको छ ।

## ३. राज्यको संरचनात्मक रुपान्तरण र समतामूलक समाजको निर्माण शान्तिपूर्ण राजनीतिक परिचालनको स्वतन्त्र एवं मर्यादित अभ्यास, बहुआयामिक विविधताको न्यायोचित व्यवस्थापन एवं विभेद र विषमताको विसर्जनबाट सम्भव हुनेछ ।

नेपाली समाजको संरचनात्मक बनोट तथा अर्थ-राजनीतिक एवं सामाजिक-सांस्कृतिक वास्तविकताहरूको संश्लेषण गर्दै संविधानमा कोरिएका समाजवाद-उन्मुख लक्ष्यहरुप्रति प्रतिबद्ध राज्यका लागि आवश्यक आधारभूत संरचना, नीति तथा कार्यक्रमहरू सबै नेपलीका लागि समतामूलक नतिजा हासिल गर्ने प्रकृतिको हुनुपर्छ भन्नेमा रास्वपा स्पष्ट छ ।

सबैखाले मानव समाजका आफ्नै विशिष्ट चरित्र र संरचनात्मक बनावट हुन्छन् । खासगरी जात-व्यवस्थामा आधारित दक्षिण एसियाली समाज तह-तहमा खण्डित छ । सबैभन्दा पुरानो लैङ्गिक विभेद अझ त्यसमा पनि महिलामाथिको हजारौं वर्षदेखिको उत्पीडनले नेपाली समाजको संभावित उन्नतिलाई रोकिरहेको छ । दक्षिण एसियाली समाजको वर्ग निर्माणको वास्तविक ऐतिहासिकता फरक छ भन्ने हाम्रो बुझाइ हो । यहाँको समाजको वर्ग जात-व्यवस्थाले निर्माण गरेको छ र विगतमा राजनीतिक पार्टीहरु वर्ग पहिचानमा चुकेकै हुन् । नेपाल एउटा राष्ट्र-राज्यका रुपमा जत्रो छ, धार्मिक, सांस्कृतिक, भाषिक र भौगोलिक रुपमा कैयौं गुणा फराकिलो छ । यी विविधता नेपाली समाजको सौन्दर्य र सामर्थ्य बन्न पर्दथ्यो, तर राज्य संचालनको लामो कालखण्डमा विविधता नै विभेदको साधन बन्न पुग्यो ।

नेपालको दक्षिणी समथर भूगोलमा बस्ने मधेसी, थारुलगायत अन्य आदिवासी जनतामाथिको विभेद नेपाली समाज र राज्यले बोकेको अर्को कलंक हो । मधेस उपर अन्य भाषिक र सांस्कृतिक उत्पीडन त छँदैछ । त्यस्तै, आधुनिक राज्य निर्माणका क्रममा प्रतिबन्धमा परेका आदिवासी-जनजातिहरूको पहिचान

आज पनि राज्यको मूल नेतृत्व, नीति तथा कार्यक्रमहरूमा सन्देहको घेरामा छ । पहिचान नै राज्यले स्वीकार नगरेको जस्तो देखिंदा उनीहरूको समग्र सामाजिक-सांस्कृतिक उन्नयनमा असर पुगेको छ । नेपाली समाजमा विद्यमान उल्लिखित सबै प्रकारका संरचनात्मक विभेदविरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टीले निर्णायक प्रहार गर्नेछ । न्यायपूर्ण समानुपातिक समावेशी राज्य निर्माणमा राजनीतिक नेतृत्व लिंदै महिला, दलित, मधेसी र आदिवासी-जनजातिलाई सकारात्मक विभेदका माध्यमबाट राज्यका सबै क्षेत्रमा समावेशीकरण गर्ने पहलमा विशेष नेतृत्व लिइनेछ ।

जाति, लिङ्ग, धर्म, क्षेत्र, भाषा र अल्पसंख्यक संस्कृतिका कारण बिकासको मूलधार होइन पिँधमा परेका सबै नेपालीको समुन्नतिका लागि विशेष राजनीतिक अभियान चलाउने अठोट पार्टीको छ । समाज विकासको क्रममा विकसित भएका मान्छेको स्वतन्त्रता र मुक्तिविरुद्धका गलत परम्पराको अन्त्य र अवसरहरूको न्यायिक वितरण, पहुँच र उपयोगमा सबैलाई सहभागी बनाई समतामूलक समाजको निर्माण गर्न रास्वपा प्रतिबद्ध छ ।

नेपालको गौरवपूर्ण इतिहासलाई सम्मान गर्दै र विभिन्न कालखण्डमा भएका आन्दोलनहरूको उपलब्धि जोगाउँदै नेपालीको सर्वाङ्गीण बिकासका लागि विगतको अनुभव, वर्तमानको ज्ञान र भविष्यप्रतिको आलोचनात्मक चेतनासहितको लोकतान्त्रिक अभियान (संघर्ष) बाट सामाजिक न्यायसहितको समतामूलक समुन्नत राष्ट्र निर्माणको नेतृत्व गर्ने लक्ष्य राष्ट्रिय स्वतन्त्र पार्टीको रहनेछ ।

## ४. आम जीवनस्तर उकास्ने आर्थिक उन्नयनको दीर्घकालीन माध्यम जोखिम उठाएर गरिने निजी लगानी र सक्षम सार्वजनिक सहजीकरणबाट हुने उत्पादकत्व वृद्धि नै हो ।

विकासशास्त्रमा एउटा विख्यात भनाइ छः 'उत्पादकत्व नै सबैथोक होइन, तर दीर्घकालमा यो लगभग सबैथोक हो ।' प्रतिस्पर्धात्मक क्षमता र आर्थिक वृद्धिकै आडमा विगत ४० बर्षमा विश्वभर १ सय करोड जनता गरिबीको रेखाभन्दा माथि उकासिएका छन् । दीर्घकालीन समृद्धिको मुख्य उपाय 'कम समय र लागतमा उपलब्ध साधन-स्रोतहरूबाट बढी र उच्चस्तरको उत्पादन' गर्नु हो अर्थात् यो भनेको उत्पादकत्वमा निरन्तर सुधार हो । दिगो र समावेशी बिकासका लागि आर्थिक वृद्धि पर्याप्त नहोला तर आवश्यक भने छ, र यसको वाहक निजी क्षेत्र नै हुनपर्दछ भन्नेमा राष्ट्रिय स्वतन्त्र पार्टी स्पष्ट छ । अनुकूल युवा-केन्द्रित जनसांख्यिक लाभांशको जगमा अर्को १०-१५ वर्ष भित्र

ठूलो आर्थिक फड्को मार्न सकिएन भने नेपालको स्थायी परिचय एसियाकै गरीबमध्येको मुलुक हुने जोखिम छ ।

विकासशील राष्ट्रहरुमा निजी क्षेत्रले करिब ९० प्रतिशत रोजगारी सिर्जना, अत्यावश्यक वस्तु र सेवाहरूको उत्पादन र आपूर्ति, राजस्वमा योगदान र लगानीयोग्य पूंजीको समुचित प्रवाह गर्ने गर्दछ । तर नेपालमा निजी क्षेत्रले अपेक्षित आकार, स्वरुप र चरित्र ग्रहण गर्न सकेको छैन । एकातिर भ्रष्ट राजनीतिक प्रणालीले यसलाई दोहन र लुटको स्रोतको रुपमा हेरेको छ भने निजी क्षेत्र पनि नवीन उद्यम, अन्वेषण र नवप्रवर्तनभन्दा आसेपासे वा मिलिभगत पूंजीवाद (क्रोनी क्यापिटलिज्म) को अभ्यास गर्न विवश छ । हैरान पार्ने र अड्काउने काममा मात्र सरकार लागेमा निजी क्षेत्र हतोत्साह हुने मात्रै होइन आनो समय र स्रोत नेता, नीति-निर्माता र कर्मचारीलाई आफू अनुकूल निर्णय गराउन लगाउने अनाचार मार्ग (रेन्ट सिकिंग) तर्फ उद्यत हुँदा रोजगारी सिर्जना र लगानी बढ्दैन । यस्तो विकृत उत्प्रेरणाको खाका भत्काउँदै नेपालकै इतिहासमा सर्वाधिक निजी उद्यममैत्री व्यावसायिक वातावरण बनाउने लक्ष्य रास्वपाको छ ।

## ५. उद्यमशीलतालाई प्रतिस्पर्धात्मक एवं परिणाममूलक बनाउन बलियो र स्वच्छ नियमनकारी राज्यसंयन्त्र चाहिन्छ ।

उदार अर्थतन्त्र भनेको छाडा अर्थतन्त्र होइन । विधिको लगाम नलगाएसम्म उद्योगी-व्यापारीहरु 'रेन्ट सिकिंग'को घेराबाट बाहिर निस्केर विशाल महत्वाकांक्षा बोक्न सक्दैनन् र राष्ट्रिय पुंजी निर्माण हुँदैन । त्यसैले बलियो नियमनकारी भूमिका ननिभाउँदा बजारमुखी अर्थतन्त्रमा विकृति आउँछन् । अर्थशास्त्रीहरु बजारलाई बेलगाम छोड्न हुन्न भन्छन् किनकि बजार अर्थतन्त्र 'स्व-निर्मित' हुन्न, निजी सम्पत्तिको सुरक्षाको प्रत्याभूति सरकारले नै गर्नुपर्छ, बजार अर्थतन्त्र 'स्व-नियमित' हुँदैन, उपभोक्ताको हितलगायत पर्यावरण र एकाधिकार विरोधी निकायहरू सरकारले नै चलाउनपर्छ, बजार अर्थतन्त्र 'स्व-वैध' हुन्न, सामाजिक सुरक्षा र धान्न सकिने वितरणमुखी कार्यक्रमले नै बजारका नतिजाहरुलाई न्यायमुखी बनाउँछ, बजार अर्थतन्त्र 'स्व-स्थिर' हुन्न, त्यो काम राष्ट्र बैंक, अर्थ मन्त्रालय जस्ता विशिष्ट सार्वजनिक अङ्गहरुकै हो ।

कार्टेलहरु मार्फत अस्वस्थ प्रतिस्पर्धा एवं आमउपभोक्तालाई मर्का पार्ने गरी गतिविधि गरेमा शक्तिशाली कम्पनीहरुलाई नियमन गर्न सक्ने क्षमता भएका बलिया नियामकीय निकाय चाहिन्छ । तर राजनीति भ्रष्ट हुंदा नियामकहरू नै नियमन गरिनुपर्नेहरूको पोल्टामा पुग्ने गरेको विकृतिलाई तोड्न रास्वपा दृढ

छ । हामी उदार अर्थतन्त्रहरुमा पनि व्यापक विविधता भएको पाउँछौं, कुनै एक सर्वस्वीकृत मोडेल कतै छैन । उदाहरणका लागि करका दरहरु, शिक्षा र स्वास्थ्यमा राज्यको भूमिका, श्रम कानूनको पालना, अर्थतन्त्रमा सार्वजनिक क्षेत्रको हिस्सा वा स्टक मार्केटको पुँजीकृत अंश, ट्रेड युनियनमा आवद्धताजस्ता ठोस सूचकहरुमा ठूलो भिन्नता पाइन्छ । तदनुरुप रास्वपाको मोडल पनि सामाजिक बजार अर्थतन्त्रको वृहत् खाकाभित्र नेपालको धरातलीय यथार्थमा टेकेको हुनेछ ।

६. **राष्ट्रिय पुँजी निर्माणका लागि लगानीका सबै वैध स्रोतको प्रवर्द्धन र परिचालन गर्न उदार उत्प्रेरणात्मक नीति र प्रविधिमैत्री संरचना अपरिहार्य हुनेछन् ।**

नेपालमा उत्पादन, वितरण र विनिमयको लागत उच्च छ । भूपरिवेष्टित सीमा र उदासीन संस्थागत क्षमताका कारण इन्धन, श्रम, ढुवानी र प्रक्रियागत झन्झटले खर्च बढाएको छ । विदेशी मुद्रासँग नेपाली रुपैयाँको आवद्धता छ । यस्तो वातावरणमा उत्पादन र निर्यात बढाउन गहिरा संरचनात्मक सुधारको चरणबद्ध शृंखलाकै आवश्यकता पर्छ । लागत घटाउन अनावश्यक भन्सार र गैर-भन्सार व्यवधान हटाई कम्पनीहरुले उत्पादकत्व बढाउनका लागि विश्वको कुनै पनि ठाउँबाट 'इन्टरमिडिएट' वस्तु सस्तोमा भरपर्दो तवरले आयात गर्न सक्नुपर्छ । व्यापार सहजीकरण र कनेक्टिभिटीमा राज्यले थप लगानी गर्नुपर्नेछ ।

हामीलाई चाहिएको यस्तो अर्थतन्त्र हो जहाँ हाम्रा 'सापेक्षिक लाभ' का क्षेत्रमा हामी प्रतिस्पर्धी हुन सकौं, तर समग्रमा हाम्रो स्थान विश्व अर्थतन्त्रसँगको अन्तरनिर्भरतामै छ । डिजिटलाइजेसनमा आधारित आधुनिक सेवा क्षेत्र, स्वच्छ ऊर्जा र हरित औद्योगिकीकरण, कृषि र पर्यटन जस्ता क्षेत्रमा स्वदेशी र विदेशी पुँजीको परिचालन र बजारको खोजी गर्न सहज हुने गरी दर्जनौं कानूनी र संस्थागत संरचनालाई लगानीमैत्री बनाउन रास्वपा कटिबद्ध छ । दशौं लाखको संख्यामा विदेशिएका नेपाली डायस्पोराको लगानी आकर्षित गर्दै नेपालसँगको उनीहरुको सु-सम्बन्ध कायम राख्न सबै सामाजिक-आर्थिक अधिकार भएको नागरिकतालाई पूर्णतः कार्यान्वयन गरिनेछ ।

वैदेशिक लगानीसँग हाम्रा फर्महरु जोडिए भने पैसामात्र आउँदैन, आधुनिक प्रविधि, बजार र व्यवस्थापकीय क्षमता पनि आउँछ भन्नेमा रास्वपा स्पष्ट छ । देशैभरी लचिला एकद्वारे प्रक्रिया, कम बोझिला कर, राम्रा सडक र बिजुली, पानी तथा यातायातको व्यवस्था गराउन नसक्दा औद्योगिक पार्क र विशेष आर्थिक क्षेत्रको आवश्यकता बढेर गएको छ । विदेशी लगानी आउने भनेको धर्म-कर्मका लागि नभएर नाफा कमाउनै हो भन्ने कुरा स्पष्टै छ । हाम्रो सोच लगानीकर्ताले नाफा

लगोस्, तर कर तिरोस्, रोजगारी देओस्, प्रविधि हस्तान्तरण होस्, अर्थतन्त्रका अग्र-पृष्ठ सम्बन्धहरु स्थापित होउन्, अर्थतन्त्रको आकार बढ्दै जाओस् भन्नेमा केन्द्रित हुनुपर्ने छ ।

बजारमा नयाँ प्रतिस्पर्धी नछिरुन् भनेर अवरोध खडा गर्न उद्योगी-व्यापारीका संघ-संगठनको भूमिका रहने गरेकोप्रति रास्वपा सचेत छ। राज्यले 'प्रो-कम्पिटिसन' ऐन ल्याएर निर्मम कार्यान्वयन नगर्ने हो भने कालान्तरमा ठूला फर्महरुको दबदबा बढ्दै जाने, एकाधिकारविरुद्धको ऐन फितलो हुने, लबिङ चर्किने र राजनीतिमा चन्दामार्फत प्रभाव जमाउने अनि नवप्रवेशी उद्यमीलाई टिक्नै गाह्रो पारिने प्रवृत्ति झाङ्गिनेछ। सफल आर्थिक सुधार गरेका देशहरुमा प्रतिस्पर्धात्मक क्षमता बढाउन राष्ट्रिय काउन्सिल नै बन्ने गरेका छन्। यहाँ पनि उत्पादकत्वलाई असर गर्ने विभिन्न विषय-क्षेत्रलाई एकत्रित गरेर एउटा शक्तिशाली संरचना बनाउने रास्वपाको सोच छ। बढ्दो उत्पादकत्व र प्रतिस्पर्धाको जगमा निर्यात र लगानी वृद्धि गर्ने र नेपालभित्रै वर्षेनी लाखौंको संख्यामा मर्यादित रोजगारी सिर्जना गर्ने अभियान आजको हाम्रो विकास प्राथमिकता हो । हाम्रो देश यस्तै 'ठूलो संरचनात्मक धक्का'को प्रतीक्षामा रहेकोले त्यसको नेतृत्व लिन रास्वपा कृतसंकल्प छ ।

**७. सामाजिक न्यायको स्वरुप धान्न सकिने लोककल्याणकारी राज्यको आकारमा निर्भर रहनेछ भने सर्वाङ्गीण विकासको मापनयोग्य तस्बिर आयसँगै रोजगारीको विस्तार, सामाजिक सामञ्जस्य र पर्यावरणीय सन्तुलनमा प्रतिबिम्बबित हुनेछ।**

एकातिर निजी क्षेत्रको गतिशीलता र सृजनशीलता कायम राख्न उदार अर्थतन्त्रको प्रवर्द्धन र अर्कोतिर सार्वजनिक शिक्षा, स्वास्थ्य, यातायात, आवास, सामाजिक सुरक्षाजस्ता राष्ट्रिय आयको समतामूलक पुनर्वितरण दुवैलाई जोड्ने 'सामाजिक बजार अर्थतन्त्र' नै रास्वपाको प्रेरणा हो । धनी बनेपछि मात्रै सामाजिक सुरक्षामा लगानी गर्न सकिन्छ भन्ने मान्यता हामी स्वीकार गर्दैनौं । राजनीतिक इच्छाशक्ति हुने हो भने निम्न आयस्तर हुँदै सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई फराकिलो रुपमा लागु गर्न सकिन्छ, तर यस्ता कार्यक्रम लोकरिझ्याइँको मारमा नपर्ने गरी राष्ट्रको आर्थिक सामर्थ्यले धान्न सक्ने प्रकृतिको हुनपर्दछ । राजस्वबाट कार्यकर्ता पाल्ने र मतदाता रिझाउने गैर-जिम्मेवार वितरणको पक्षमा रास्वपा छैन ।

हाम्रो कल्पनाको समता-उन्मुख लोककल्याणकारी राज्यले गुणस्तरीय सामाजिक सेवा र सुरक्षाको प्रत्याभूति दिँदै 'अवसरको असमानता' घटाउन प्रेरित गर्नेछ । 'मोबिलिटी' अर्थात् गरिब परिवारमा जन्मिएर पनि धनी हुने सम्भावना कति छ? बुवा-आमाले पाएको औपचारिक शिक्षाभन्दा छोराछोरीले बढी पढेको हिस्सा कति

छ। बुबा-आमाले अपनाएको पेसाभन्दा छोराछोरीले अपनाएको पेसा कति फरक छ भन्नेजस्ता परिसूचकहरु समाज गतिशील र चलायमान छ कि छैन भनेर मापन गर्ने आधारभूत तथ्यांक हुन् । अर्थतन्त्रमा पुँजीगत आयको हिस्सा बढ्दै र बिहेबारी र अन्तरपुस्ते लगानीका कारण पनि असमानता चर्कंदै जाँदा मध्यमवर्गलाई पनि वित्तीय सम्पत्तिको स्वामित्व बढाउनेतिर हामी केन्द्रित हुनेछौं ताकि तिनको आय ज्यालाबाट मात्र होइन, पुँजीबाट पनि आउन सकोस् ।

विगत ७० वर्षसम्म नेपाली समाजको चरित्र र रुपान्तरणबारे बनाइएको भाष्य अहिले असान्दर्भिक बनिसकेको हाम्रो ठहर छ । श्रमिकहरुले आफूलाई संगठित गर्दै बालिग मताधिकारलगायतका पूर्ण राजनीतिक स्वतन्त्रता पाउने, उदार अर्थतन्त्रभित्र नै लोककल्याणकारी राज्य अट्ने, वर्ग विशेष होइन आम उपभोक्ताको हितमा राज्यले एकाधिकार तोड्नेजस्ता नियमनकारी भूमिका खेल्ने, अनि मौद्रिक र वित्तीय नीतिबाट नै अर्थतन्त्रमा पुनर्वितरण, स्थायित्व र वृद्धिका लक्ष्य अघि बढाउन सम्भव बन्दा हिंसात्मक द्वन्द अनावश्यक भएको छ । त्यसैले रास्वपाले व्यवस्था होइन निर्मम सुशासनको जगमा अवस्था परिवर्तनको बिगुल फुकेको हो ।

जलवायु संकट पेचिलो बन्दै जाँदा हामीले देखेको र अनुकरण गर्न खोजेको उत्पादन र उपभोगको मोडललाई अब कम कार्बन उत्सर्जनसहितको 'हरित' बाटोमा लैजानु छ। जलवायु परिवर्तन गराउन विकसित र ठूला अर्थतन्त्रको अधिक भूमिका छ तर असर भने धनी-गरिब सबैले भोग्न थालिसकेका छौं । हिन्दूकुश-हिमालय शृंखलाबाट विश्वका १० महानदी बग्छन् । पृथ्वीको झन्डै आधा जनसंख्या ती नदीमा बग्ने पानीमा आश्रित छ। यसरी पर्यावरणमा क्षेत्रीय मुद्दाहरू समेत पेचिला बन्दै गएका छन् ।

पर्यावरणीय विनाश गर्ने, सम्मानजनक रोजगारीमा नकारात्मक असर पार्ने वा असमानता एवं सामाजिक विग्रह चर्काउने प्रकृतिको आर्थिक वृद्धि अब ग्राह्य हुने छैन । कृत्रिम बुद्धिमत्ताजस्ता नयाँ प्रविधिहरूको मानव उन्नतिका लागि सुझबुझपूर्ण व्यवस्थापन गर्नु पर्नेछ । निम्न आय भएका मुलुकहरुको चुनौती के हो भने आर्थिक बृद्धिलाई निरन्तरता दिँदै गर्दा जलवायु परिवर्तनको युगमा विकासका नतिजाहरुलाई न्यायपूर्ण, हरित र समावेशी बनाउनु पर्नेछ । मानिसहरूलाई केवल उपभोक्ता होइन, लोकतन्त्रका सार्वभौम नागरिककै रूपमा हेर्नुपर्नेछ । अबको लोककल्याणकारी राज्यले आर्थिक उन्नयनको लाभ वितरण गर्ने मात्र होइन वृद्धिको प्रकृतिलाई नै परिवर्तन गरेर दीर्घकालीन नैतिक नवीकरणको अवसर फैलाउनु पर्नेछ ।

८. **नेपालको ऐतिहासिक विरासत र गौरवमय सभ्यताको जगेर्ना गर्दै सह-अस्तित्व, सहिष्णुता, स्वाभिमान र समभावमा आधारित राष्ट्रिय एकता र समर्पणसहितको देशभक्तिको प्रवर्द्धन गरिनु पर्दछ ।**

नेपालको संविधानअनुसार 'नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रियहितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्र सङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राख्दै स्वतन्त्र परराष्ट्र नीति सञ्चालन' गर्न राष्ट्रिय स्वतन्त्र पार्टी पूर्ण प्रतिबद्ध छ । राष्ट्रिय हित रक्षाका लागि अन्तर्राष्ट्रिय सम्बन्धका त्यस्ता नीति तथा रणनीतिको परिकल्पना रास्वपा गर्दछ, जसको जगमा राष्ट्रको गरिमा बढाउन सकियोस्, आर्थिक समृद्धि आर्जन गर्न सकियोस् र क्षेत्रीय अनि विश्वव्यापी शान्ति तथा स्थिरतामा योगदान पुऱ्याउन सकियोस् भन्ने पार्टीको दृढ विचार रहेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी उदीयमान विश्वशक्ति राष्ट्रहरुको सामीप्यमा रहेको नेपालको विशिष्ट भौगोलिक अवस्थितिको सकारात्मक रणनीतिक उपयोग गर्दै, शदियौंदेखि रही आएको आपसी सामाजिक र सांस्कृतिक सम्बन्धको मार्गबाट आफ्नो गन्तव्य पहिल्याउँदै नेपालको आर्थिक समृद्धि र द्रुत विकासको यात्रामा अगाडि बढ्नुपर्छ भन्ने मान्यता राख्दछ ।

नेपाललाई बाह्य प्रभाव र दबाबहरूबाट स्वतन्त्र राख्न असंलग्न विदेश नीतिको पक्षपोषण गरिनेछ । उदीयमान शक्तिराष्ट्रहरुसँग सन्तुलित सम्बन्ध कायम राख्न र कुनै पनि शक्तिप्रति अधिक निर्भर नहुन रणनीतिक साझेदारीमा जोड दिइनेछ । रास्वपाले आफ्नो कूटनीतिक प्रभाव वृद्धि गर्न एवं अन्य देशका आपसी भू-राजनीतिक प्रतिस्पर्धाको भूमरीमा फस्नबाट बच्न तटस्थता अपनाउने नीति अंगीकार गर्नेछ । मित्रराष्ट्रहरुसँगको सम्बन्ध बलियो बनाउँदै सैन्य र सुरक्षा सहयोगमा रणनीतिक स्वायत्तता अपनाइनेछ । साझा सुरक्षा खतरा प्रभावकारी रूपमा सम्बोधन गर्न छिमेकी र अन्तर्राष्ट्रिय साझेदारहरूसँग सूचना आदान-प्रदान र आतंकवादविरुद्धका प्रयास सुदृढ पार्ने पनि हाम्रो उद्देश्य हुनेछ ।

९. **सघन एवं परिणामदायी आर्थिक कूटनीति र अन्तर्राष्ट्रिय सहकार्यमार्फत व्यापार र प्रत्यक्ष लगानीका अवसरहरुलाई विविधीकरण र व्यापकीकरण गर्न छिमेकभन्दा पर पनि आर्थिक सम्बन्धहरू विस्तार गरिनेछ ।**

राष्ट्रिय महत्वका ठूला परियोजनाबाट लाभ उठाउन औद्योगिक र पूर्वाधार विकासमा लगानी बढाउनुका साथै क्षेत्रीय परियोजनाहरूमा सन्तुलित दृष्टिकोण कायम राख्दै विकासमा सहभागिता वृद्धि गरिनेछ । केवल दक्षिण एसियामा मात्र सीमित

क्षेत्रीय कूटनीतिलाई बिमस्टेक, आसियान र युरोपेली संघहरुसँग पनि जोड्दै कसिलो बनाई क्षेत्रीय स्थिरता र आपसी सहयोग आदान-प्रदानका लागि उपयोग गरिनेछ। आफनो क्षेत्रीय प्रभावलाई सुदृढ बनाउन नेपाललाई क्षेत्रीय द्वन्द्वहरूको समाधानको मध्यस्थका रूपमा स्थापित गर्ने पहल समेत गरिनेछ। सीमा व्यवस्थापन र सुरक्षा उपायहरूमा सुधार गरी सीमा सम्बन्धी मुद्दाहरू सम्बोधन गर्ने र आर्थिक अन्तरक्रियाहरूलाई सहज बनाउनेतर्फ पनि राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रित हुनेछ।

द्रुत गतिमा विकसित भइरहेको भूराजनीतिक परिदृश्यमा देशभक्ति र राष्ट्रियताको विषयलाई पार्टीले महत्वका साथ लिएको छ। राष्ट्रिय हितको रक्षा र हाम्रो विश्वव्यापी उपस्थितिलाई सुदृढ गर्नका लागि प्रवासी नेपालीको योगदानसहितको सामूहिक शक्ति प्रयोग गर्न पार्टी दृढसंकल्पित छ। आर्थिक समुन्नति हाम्रो साध्य हो, जसले देशलाई विश्व र क्षेत्रीय परिवेशमा बलियो र आत्मविश्वासी राष्ट्रका रुपमा उभ्याउनेछ भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीको ठहर छ। नेपालको राष्ट्रिय हितलाई प्राथमिकतामा राखी उदाउँदा मुलुकहरुसँग रचनात्मक रूपमा सहकार्य गर्नका लागि सन्तुलित र स्वतन्त्र परराष्ट्र नीति अपनाउन रास्वपा प्रतिबद्ध छ।

## १०. नेपालको सौम्य शक्ति (सफ्ट पावर) को अत्युत्तम उपयोग गर्न हाम्रो सांस्कृतिक पुँजी, फैलँदो प्रवासी समुदाय (डायस्पोरा) र जलवायु-पर्यावरणीय कूटनीतिलाई प्रश्रय दिइनेछ।

लुम्बिनी र पशुपतिजस्ता विश्व सांस्कृतिक सम्पदालाई बाहिरी विश्वसँग सौहार्द बढाउन अधिकतम उपयोग गरिनेछ। दिगो विकासका लागि वातावरणीय मुद्दाहरूमा क्षेत्रीय सहयोग सुनिश्चित गर्दै विश्वस्तरमा जलवायु कूटनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने हैसियतमा हामी नेपाललाई पुर्‍याउनेछौं।

नेपाली प्रवासी समुदायको सन्जाल र सामर्थ्यलाई उपयोग गर्दै अन्तर्राष्ट्रिय कूटनीति र राष्ट्रिय विकासमा उनीहरुको ज्ञान, सीप, पुँजी र प्रविधिलाई राष्ट्रहितका लागि प्रयोग गर्न सबै उपाय अवलम्बन गरिनेछ। 'ग्लोबल नेपाली' को अवधारणा अनुरुप गैर-आवासीय नेपालीलाई राजनीतिकबाहेक सबै आर्थिक र सामाजिक अधिकारको पूर्ण उपयोग गर्न दिने नीति रास्वपाले कार्यान्वयन गर्नेछ।

विश्व शान्तिका लागि आफ्नो तर्फबाट उच्चतम योगदान दिँदै, अन्तर्राष्ट्रिय मान्यताहरूबाट निर्देशित स्वायत्त, सार्वभौम एवं स्वाभिमानपूर्ण विदेश सम्बन्धको विकास गर्दै नेपालको राष्ट्रहित सुरक्षित गर्ने र मित्रराष्ट्रहरु कसैको पनि अहितमा

कार्य नगर्ने गरी नेपालको अन्तर्राष्ट्रिय पहिचान बन्नुपर्छ भन्ने मान्यता हामी राख्दछौं । यही मान्यताको अवलम्बनबाटै नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई सदा अक्षुण्ण राख्दै, विश्व मञ्चहरुमा हाम्रो उपस्थिति अझ बलियो बनाई क्षेत्रीय स्थिरतामा समेत योगदान पुऱ्याउने स्थानमा नेपाल पुग्नेछ भन्ने हाम्रो प्रबल विश्वास छ ।

असोज १, २०८१
प्रज्ञा प्रतिष्ठान, काठमाडौं

## पार्टी झण्डा

## चुनाव चिन्ह

**केन्द्रीय कार्यालय:**

व:मति, वनस्थली, काठमाडौं - १६, नेपाल | +९७७ ०१ ५२१४५२१, ९८५१३६०६६६

info@rspnepal.org | www.rspnepal.org